जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक ३०, २०७९ साल माघ ६ गते शुक्रबार, नेपाल संवत् ११४३ (January 20, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## विश्वकै वृद्धाको निधन



काठमाडौं । विश्वकै सबैभन्दा वृद्धा व्यक्ति फ्रान्सेली भिक्षुणी लुसिल रान्डनको एक सय १८ वर्षको उमेरमा निधन भएको छ। सन् १९४४ मा भिक्षुणी बनेपछि सिस्टर एन्ड्रे नाम धारण गरेकी रान्डनको फ्रान्सको टुलोनस्थित उनकै नर्सिङ होममा सुतेकै अवस्थामा मृत्यु भएको हो ।

सन् १९०४ मा दक्षिणी फ्रान्समा जन्मेकी उनी दुई विश्वयुद्धको साक्षी थिइन् । उनले आफ्नो जीवनको अधिकांश समय क्याथोलिक धर्मको सेवामा समर्पित बाँकी ८ पेजमा

## प्रतिनिधिसभाको सभामुखमा घिमिरे



काठमाडौं । सत्ता गठबन्धनबाट एमालेका सांसद देवराज घिमिरे सभामुखमा निर्वाचित भएका छन् । प्रतिनिधिसभामा बिहीबार भएको निर्वाचनमा उनले प्रतिस्पर्धी नेपाली कांग्रेसकी ईश्वरीदेवी न्यौपानेलाई पराजित गर्दै सभामुख चुनिएका हुन् । घिमिरेको प्रस्तावकमा सुवासचन्द्र नेम्वाङ, समर्थकमा हितराज पाण्डे, राजेन्द्रप्रसाद लिङ्देन र रवि लामिछाने थिए भने न्यौपानेको प्रस्तावकमा बाँकी ८ पेजमा

# कांग्रेसको अर्जुनदृष्टि राष्ट्रपतिमा, के गर्ला माओवादी ?

काठमाडौं । एमाले अध्यक्ष कपी शर्मा ओलीसँग पुस १० गते सत्ता साझेदारीमा सहमति गरी प्रधानमन्त्री बनेका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'राष्ट्रिय सहमति' भन्दै नेपाली कांग्रेसप्रति अनुग्रहित देखिएपछि नेपाली राजनीतिले नयाँ मोड लिन थालेको विश्लेषण गर्न थालिएको छ। पुस २६ गते प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिएर प्रमुख प्रतिपक्षी दल हुन नचाहेको कांग्रेसले राष्ट्रपति पदमा अर्जुनदृष्टि लगाएपछि एमाले अध्यक्ष ओली झस्किएका छन् । प्रचण्डसँग सहमति गर्दा एमालेले राष्ट्रपति र सभामुख पद लिने जुन समझदारी बनेको थियो त्यो अब नटिक्ने स्थिति तयार भएको छ ।

कांग्रेसले विश्वासको मत दिँदा आफूले राष्ट्रपति पाउने आश्वासन प्रधानमन्त्री प्रचण्डबाट पाएको खुलासाले अहिले एमाले वृत्तमा तरंग ल्याएको छ । त्यसो त एमाले अध्यक्ष ओलीले नेपाली कांग्रेसले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएपछि संसदमा कांग्रेसलाई कटाक्ष गर्दै गलत नियत राखेर 'ढोक्का' नथाप्न भनेका थिए । शक्ति बाँडफाँडमा कांग्रेस सामेल भएर विश्वासको मत दिएको शंका थियो ओलीको । मंगलबार शक्ति बाँडफाँडका विषयमा प्रधानमन्त्रीले बोलाएको सर्वदलीय बैठकमा एमाले अध्यक्ष ओलीले राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुख चारै पदमा १० गते नै सहमति भएको भन्दै कांग्रेससहितका दलसँग साझेदारी गर्ने प्रधानमन्त्रीको प्रस्तावको प्रतिवाद गरेपछि एमाले–माओवादी दूरी बढ्न पुगेको हो । ओलीले राष्ट्रपति र सभामुख दुवै एमालेले पाउने सर्तमा प्रचण्डलाई एमालेले समर्थन गरेको बताएका थिए ।

ओली त्यत्तिमै अडिएनन्, अगाडि भने– संघदेखि प्रदेशसम्मको सरकारलाई तपाईंहरूले विश्वासको मत दिइसक्नुभएको छ । त्यसैले तपाईंहरूले प्रमुख प्रतिपक्षको हैसियत गुमाइसक्नुभयो । ओलीको यो भनाइले देउवाको अनुहार रातोपिरो भयो । उनी बोल्नै सकेनन् । उनकै सहयोगी रमेश लेखकले ओलीलाई जवाफ फर्काए–



राष्ट्रपतिलाई बुझाएको प्रस्तावमा हाम्रो हस्ताक्षर छैन । हामी प्रतिपक्ष हौं । हामीले संविधान र अहिलेको आवश्यकता हेरेर विश्वासको मत दिएका हौं । हामीलाई सत्तामा खेल्ने कुनै रहर छैन ।' बैठकको यो दृश्यले नेपालको राजनीतिक जहाज यतिको ९ एन–एएनसी क्लासलाइनको एटिआर ७२ जस्तै ढलपलाउँदै कुनै पनि बेला दुर्घटनाग्रस्त हुन सक्ने अनुमान लगाउन सकिन्छ ।

नेपाली कांग्रेसले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिनुमा राष्ट्रपति र सभामुखमध्ये एक पदमा कांग्रेसको बार्गेनिङ हो । सभामुखमा माओवादीले एमालेलाई सघाएपछि अब राष्ट्रपतिमा आफूलाई उसले सघाउनेमा कांग्रेस नेतृत्व आश्वस्त देखिन्छ । प्रमुख प्रतिपक्षको हैसियतमाथि राजनीतिक प्रश्न उठ्ने थाहा पाउँदा पाउँदै पनि नेपाली कांग्रेसले यस्तो निर्णय गर्नुका पछाडि निश्चित कारणहरू छन् । राष्ट्रपति र प्रधानमन्त्रीको अवाञ्छित मिलिभगत भयो भने संविधान कहाँ पुग्छ ? प्रधानमन्त्री र सभामुखको अवाञ्छित गठजोड भयो भने संविधानको मर्ममाथि कसरी निर्मम प्रहार हुन्छ ? भन्ने कुरा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको दुई दुई पल्टको संसद विघटनको नजिरले प्रस्ट पारिसकेको छ ।

प्रधानमन्त्री प्रचण्डठलाई आवश्यक नै नपरेको विश्वासको मत नेपाली कांग्रेसले दिनुको मुख्य कारण हो विगतको गलत नजिर । २०७८ भदौमा तत्कालीन प्रधानमन्त्री देउवाले एमाले विभाजनका लागि जुन भूमिका निर्वाह गरे त्यसले एमालेलाई अझै विक्षिप्त बनाएको हुनुपर्छ । राजनीतिक दल विभाजन हुन ४० प्रतिशत मत चाहिने संवैधानिक व्यवस्थालाई तत्कालीन प्रधानमन्त्री देउवाले अध्यादेशद्वारा संशोधन गरी केन्द्रीय समिति वा संसदीय दलमध्ये एउटा निकायमा २० प्रतिशत मत भए पार्टी विभाजन गर्न सकिने व्यवस्था गरिदिए । यही व्यवस्थाका कारण एमाले विभाजित भयो र माधवकुमार नेपालले नेकपा एकीकृत समाजवादी नामको नयाँ राजनीतिक पसल खोले । अबको दुई वर्षभित्रै एमालेको राष्ट्रपति, एमालेकै प्रधानमन्त्री एमालेकै सभामुख हुने गरी ओली र प्रचण्डबीच सम्झौता भएको छ । त्यो अवस्थामा ओलीले निश्चय पनि बदला लिन्छन् भन्ने डर कांग्रेसलाई छ । बदलाको राजनीतिमा ओली माहिर खेलाडी मानिन्छन् । राष्ट्रपति र सभामुख एउटै पार्टीको हुनासाथ प्रधानमन्त्रीको हातखुट्टा बाँधिन्छ । संसदबाट दुई दुई पटक पारित भएको नागरिकता विधेयक राष्ट्रपतिले पेन्डिङमा राखिदिएको अवस्था छ ।

प्रधानमन्त्री प्रचण्डले प्रदेश सरकारको गठनमा एमालेसँगको सहमति इमानदारितापूर्वक पालना गरेका छन् । तर राष्ट्रपति निर्वाचनमा भने उनले नयाँ रणनीतिक चाल चाल्ने सम्भावना बलशाली छ । प्रचण्ड दुई वर्ष मात्र होइन, पाँचै वर्ष आफ्नो कार्यकाल लम्ब्याउने चलखेलमा छन् । कांग्रेसले विश्वासको मत दिइसकेकाले एमालेले समर्थन फिर्ता लियो भने पनि उनी असुरक्षित हुने छैनन् । एमाले समर्थन फिर्ता लिएर केन्द्रका मालदार मन्त्रालय र प्रदेशको नेतृत्व गुमाउन निश्चय नै चाहँदैन । माओवादी बाँकी ८ पेजमा

## अर्थतन्त्रको नयाँ चुनौती

काठमाडौं । नेपालमा वित्तीय खाताको सन्तुलन चुनौतीपूर्ण रहेको अर्थविद्हरूले बताएका छन्। केही महिनायता वित्तीय खाता असन्तुलन रहेकाले त्यसलाई सन्तुलनमा ल्याउनु नै अहिलेको चुनौती भएको उनीहरूको भनाइ थियो। सरकारी राजस्वले चालु खर्च पनि मुस्किलले धान्न सक्ने अवस्था रहेको, पुँजीगत खर्च न्यून रहेको, सरकारी खर्च र सामाजिक सुरक्षाको दायित्व बढ्दै गएकाले वित्तीय खाता सन्तुलन चुनौतीपूर्ण बन्दै गएको अर्थविद्हरूको भनाइ थियो।

नयाँ सरकारले यसअघि थाती राखेका आयोजनाको काम सुरु गर्नुपर्ने, रेमिट्यान्सको परनिर्भरता बिस्तारै घटाउँदै जानुपर्ने, विदेशी लगानी भित्र्याउन पहल गर्नुपर्ने र आन्तरिक उत्पादन वृद्धिका लागि उत्पादनशील क्षेत्रमा कर्जा विस्तार गर्नुपर्ने उनको सुझाव थियो। अहिले नोक्सान सबै सरकारले व्यहोर्ने र नाफा पब्लिकले लिने प्रवृत्ति भइरहेको र यस्तो पाराले सरकार बाँकी ८ पेजमा

## यो वर्ष भारतले कति देला अनुदान ?

काठमाडौं । यतिवेला भारतीय वित्तमन्त्री निर्मला सीतारमण आगामी आर्थिक वर्ष सन् २०२३-२४ को बजेटको तयारीमा जुटेकी छिन् । फेब्रुअरी १ मा भारतीय संसद्मा वित्तमन्त्री सीतारमणले बजेट पेस गर्ने कार्यक्रम तय भएको छ । बजेट तयारीसँगै भारतले नेपाललाई दिँदै आइरहेको अनुदान आगामी बजेटमा के-कति समावेश हुन्छ भन्ने विभिन्न आकलनसमेत हुन थालेका छन् । मोदी सरकारको बजेटले हालै नेपालमा गठन भएको कम्युनिस्ट नेतृत्वको सरकारलाई कसरी सम्बोधन गर्छ भन्ने धेरैको चासो देखिन्छ ।

नेपाल भारतको सर्वाधिक ठूलो र प्रमुख विकास बाँकी ८ पेजमा

## भ्रष्ट ठेकेदारलाई सहरी विकासको जिम्मा

काठमाडौं । प्रचण्ड नेतृत्वको सरकारमा राप्रपा गठबन्धनमा सामेल भएपछि पार्टी अध्यक्ष राजेन्द्र लिङदेनले उपप्रधान तथा जलस्रोत मन्त्री पाएका छन् भने विक्रम पाण्डे सहरी विकासमन्त्री भएका छन् । चितवन ३ बाट निर्वाचित पाण्डे भ्रष्टाचार कसुरमा विशेष अदालतमा मुद्दा खेपिरहेका नेता हुन् । कालिका कन्स्ट्रक्सनका मालिक विक्रम पाण्डे सहरी विकासमन्त्री बनेपछि विभिन्न निर्माण कम्पनीहरूको ठेक्का लिई अलपत्र पारेका सहरी विकास आयोजनाहरूको पोल अहिले सबैतिरबाट खुल्दैछ । अब मन्त्री र ठेक्का दुवै एकै व्यक्ति हुने अवस्था आएको छ । उनीमाथि विभिन्न सडक आयोजना निर्माण गर्दा भ्रष्टाचार गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गरेको थियो ।

राप्रपा अध्यक्ष लिङ्देनले ७ पुसमा सांसदको शपथ खाँदा 'भ्रष्टाचार गर्नु



आमाको रगत खाएसरह' हुने भन्दै भ्रष्टाचार नगर्ने प्रतिबद्धता जनाएका थिए । शपथको भाषामै आमाको रगत शब्द राखेपछि उनी निकै विवादमा तानिए । तर, अहिले उनले भ्रष्टाचारले ठामेको ठेकेदार पृष्ठभूमिका सांसदलाई मन्त्री बनाएका छन् । पाण्डेलाई राष्ट्रिय गौरवको आयोजना सिक्टा सिँचाई आयोजनामा भ्रष्टाचारको आरोप लागेको थियो । पाण्डेको निर्माण व्यवसाय अहिले उनका छोरा निकोलस पाण्डेले हेरिरहेका छन् ।

पाण्डेको विज्ञताका बारेमा अतीतका पानाहरू पल्टाइँदैछ । १३ अर्बको सिक्टा सिँचाइ आयोजना, १ अर्ब ९० करोडको गोकर्ण, भत्केको पुलसम्मको सडक र १ अर्ब ५ करोडको नख्खु खोला करिडोरसहित राजधानीकै सडक आयोजना लथालिंग पारेको समाचारहरू बाहिरँदै छन्। राप्रपाका उपाध्यक्षसमेत रहेका पाण्डे ०७० मा दोस्रो संविधानसभामा निर्वाचित भएपछि ०७३ साउनमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारमा भूमिसुधार र ०७४ भदौमा कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारमा वन तथा वातावरणमन्त्री थिए। तेस्रो पटक सरकारमा पुग्दा उनले आफ्नै कम्पनीलाई सिधै फाइदा पुऱ्याउन सक्ने मन्त्रालय पाएका हुन्।

पाण्डेको कालिका कन्स्ट्रक्सनले सडक, पुल, जलविद्युत् आयोजनाका करिब ५७ अर्बका ठेक्कामा काम गरिरहेको छ। यीमध्ये केही ठेक्काको काम अन्तिम चरणमा छ भने केहीमा म्याद सकिँदासमेत बाँकी ८ पेजमा

## श्रममन्त्रीसामु नैतिकताको प्रश्न

काठमाडौं । रबि लामिछाने सभापति रहेको राष्ट्रिय स्वतन्त्र पार्टीबाट समानुपातिक सांसद बनेका श्रममन्त्री डोलप्रसाद अर्याल विवादमा तानिएका छन् । उनी संलग्न रहेको म्यानपावर कम्पनीविरुद्ध ठगीका उजुरीहरू परेपछि उनी विवादित बनेका हुन् । उनको संलग्नता जोडिएको म्यानपावर विगत पनि विवादरहित थिएन ।

१५ असार, २०६६ मा रिलायबल इन्टरनेसनल बाँकी ८ पेजमा

## लक्ष्यअनुसार उठेन राजस्व

काठमाडौं । चालु आर्थिक वर्ष (आव) को पहिलो ६ महिनामा आन्तरिक राजस्व लक्ष्यको ७८.८२ प्रतिशत मात्र संकलन भएको छ। यस वर्ष सुरुवातबाटै सरकारले आयातमा कडाइ गरेको थियो । जसले गर्दा आयात खुम्चिँदा त्यसबाट हुने आम्दानी प्रभावित बनेको थियो । सँगै बाँकी ८ पेजमा

## ऊखुको खरिद मूल्य तोकियो

काठमाडौं । चालु आर्थिक वर्ष २०७९/०८० का लागि सरकारले ऊखुको न्यूनतम खरिद मूल्य तोकेको छ । बुधबारको मन्त्रिपरिषद बैठकले ऊखुको न्यूनतम समर्थन मूल्य तोकेको हो । किसानको आधा उखु क्रसिङ भइसक्दा सरकारले बल्ल उखुको समर्थन मूल्य तोकेको छ।

किसानका अनुसार उखु उद्योगहरूले मंसिर अन्तिम सातादेखि नै क्रसिङ सुरु गरिरहेका छन्। करिब ४० प्रतिशत उखु बिक्री भइसकेपछि बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले समर्थन मूल्य तोकेको हो। उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलका अनुसार चिनी उद्योगीले किसानलाई प्रतिक्विन्टल ५ सय बाँकी ८ पेजमा

## बन्ने भयो सवारी कार्यविधि

काठडमाडौं । नेपालमा बनेका सवारी साधन दर्ता गर्न कार्यविधि बन्दैछ। यातायात व्यवस्था विभागबाट उक्त कार्यविधि बनेर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पेश हुने तयारीमा रहेको हो ।

हालसम्म नेपालमा बनेका सवारी साधन दर्ताबारे कुनै पनि कानुन छैन । जसले गर्दा नेपालमा उत्पादित सवारी साधन दर्ता प्रक्रियामा जान सकेका छैनन् । नेपालमा पहिलो पटक यात्री मोटरसाइकल एक्सपिरियन्स सेन्टरले बाँकी ८ पेजमा

## अझै खुलेन तातोपानी नाका

काठमाडौं । चीन जोड्ने चर्चित उत्तरी नाकामध्ये केरुङ (रसुवागढी) बाट पुस १३ यता निर्यात भइरहँदा तातोपानीमा आंशिक आयात हुँदै आएको सात वर्ष पुगिसकेको छ। उता केरुङसहित अन्य नाकाको चमक फर्किरहँदा पुरानो व्यापारिक केन्द्र र कैलाश मानसरोवर जाने मुख्य मार्ग तातोपानीलाई चीनले प्राथमिकतामा राखेको छैन। अन्यमा झैं भौतिक संरचनामा पूरै तयार तातोपानीमा अत्याधुनिक भव्य सुक्खा बन्दरगाह भवन र ऐतिहासिक मितेरी पुल सुनसान छन्।

भूकम्प र बाढीपहिरोले ध्वस्त कोदारी राजमार्ग २६ किमि अहिले सीआरसीसीले पहिरो खण्डलाई मर्मतसम्भार गर्दै छ। भौतिक संरचनामा बाँकी ८ पेजमा

## मानव जीवनमा वायु प्रदूषणको असर

■ **डा. केदार कार्की**

प्रदूषण मानवीय जीवनका लागि एउटा ठूलो समस्या बन्दै गएको छ । यसका धेरै कारण छन् । हावामा प्रदूषणको एउटा कारण प्राकृतिक रूपमा उड्ने धूलो मानिन्छ । कलकारखानाको परिचालन या जंगलको डढेलोबाट तमाम किसिमका हानिकारक कण हावामा दाखिल हुन्छन् जसले पर्यावरणमा प्रदूषण फैलिरहन्छ । जब जङ्गलमा आगो लाग्छ त्यसबाट वनजङ्गल डढेर खरानी हुन्छ र यही खरानी जब हावामा मिसिन्छ अनि प्रदूषण फैलिन्छ ।

दोस्रो सबैभन्दा ठूलो कारण अवादी बढ्नु एवम् मानिसलाई खाने पिउने र आवतजावत गर्नका लागि साधन उपलब्ध गराउनु जसका कारण स्कुटर, कारहरू एवम् तिनको उपयोगमा वृद्धि हुनु, थर्मल प्लान्ट बढ्नु, कारहरूको गति बढ्नु प्राकृतिक पर्यावरणमा परिवर्तन हुनु हो । आवादी बढ्नाले प्रदूषण पनि धेरै द्रुत रूपमा बढ्दो छ । प्रदूषण चाहे पानीका कारणले होस् वा हावाको कारणले, यसले मानवीय स्वास्थ्यलाई बर्बाद गरेको छ । यस प्रदूषणका कारण कसैलाई क्यान्सर, कसैलाई चिनी वा हृदयरोग हुने गरेको छ ।

वायु प्रदूषण एउटा यस्तो प्रदूषण हो जसका कारण दिन/प्रतिदिन मानवीय स्वास्थ्य बिग्रँदो छ अनि पर्यावरणमा पनि यसको नराम्रो प्रभाव पर्दोछ । यो प्रदूषण ओजोनको तहलाई पातलो गर्नमा मुख्य भूमिका निर्वाह गर्दछ जसका कारण जसै हामी घरबाहिर पाइला राख्छौं, हामी अनुभूति गर्न सक्छौं कि हावा कति हदसम्म प्रदूषित भइसकेको छ ।

धुवाँको मुस्लोलाई हामी, बसहरू, स्कुटरहरू, कारहरूएवम् कलकारखानाहरूको चिम्नीबाट निस्किराखेको सजिलै देख्न सक्छौं । थर्मल पावर प्लान्टसहरूबाट निस्किने फ्लाइ ऐस हावामा फैलिने खरानीका कारण कसरी हावालाई प्रदूषित गरिराखेको छ, यिनले कसरी प्रदूषण



बढाइराखेका छन्, चुरोटको धुवाँले पानी, हावालाई प्रदूषित गर्न पछि पर्दैन । वायुलाई प्रदूषित गर्नेखाले प्रदूषक बढी हुन्छन् । त्यहाँ आँखा पोल्ने, छातीदुख्ने एवम् खोकी लाग्ने सामान्य मानिन्छ । केही मानिस यसलाई अनुभूति गर्दछन् भने केहीले गर्दैनन् ।

यसका कारण सास फुल्न थाल्छ । अन्जायना (एक हृदयरोग) वा अश्यमा (फोक्सोको एक रोग) वा अचानक स्वस्थ्य अवस्था बिग्रनु पनि वायु प्रदूषणको संकेत मानिन्छ । जसै जसै वायुमा प्रदूषण निखिँदै जान्छ, स्वास्थ्य पनि ठीक हुँदै जान्छ । केही मनिस निकै कमलोखाले हुन्छन् जसमाथि वायु प्रदूषणको प्रभाव धेरै छिटो र कडाखाले हुन्छ भने केही मानिसमा ढिलो देखिन्छ । केटाकेटीहरू बूढापाकाहरू भन्दा बढी नाजुक हुन्छन् । यसैले तिनमा वायु प्रदूषणको प्रभाव अधिक पर्छ एवम् बिरामी पर्छन् । बढी वायु प्रदूषण भएका बेला बालबालिकालाई घरभित्र राख्नु बुद्धिमानी हुन्छ जसले गर्दा वायु प्रदूषणबाट बचाउन सकियोस् ।

**वायु प्रदूषण एवम् यसका आधार**

**कार्वन मनोअक्साइड**

यो एउटा अधकल्चो कार्वन हो जुन पेट्रोल, डिजेल इन्धन एवम् काठदाउरा बाल्दा उत्पन्न हुन्छ । यो सिगरेटबाट पनि उत्पन्न हुन्छ । यसले शरीरमा अक्सिजनको कमी गराउँछ जसले गर्दा हामी निद्रामा अप्ठ्यारो अनुभूति गर्छौं ।

**कार्बनडाइअक्साइड**

यो एक प्रकारको हरित गृह ग्यास हो । जुन कोइला, तेल एवम् प्राकृतिक ग्यास जलाउनाले कार्बनडाइअक्साइड ग्यास उत्पादन हुन्छ ।

**क्लोरोफ्लोरो कार्बन**

यो ओजोन नष्ट गर्नेखाले एक प्रकारको रसायन बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्भना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# जलस्रोत संरक्षणमा ध्यान पुगोस्

पानी र जीवन एक अर्काका परिपूरक हुन् । पानीको अस्तित्व संकटमा पर्दा सिंगो चराचर संकटमा पर्छ । हाम्रा नदीनाला, तालतलैयाहरूको साइनो मानव सभ्यताको विकाससँग प्रत्यक्ष गाँसिएको छ । धार्मिक र सांस्कृतिक महत्व बोकेका नदीनाला, पोखरीहरू पौराणिक कालेदेखि नै पूजनीय बन्दै आएका छन् । साना, ठूला पानीका मुहानहरूमा नाग लगायत अन्य देवीदेवताको बासस्थान रहन्छ भनेर स्वच्छ सफा गरेर पूजा गर्ने गरेको समेत हामीले देखिरहेका छौं । आज मानवीय अतिक्रमणका कारण यिनै जीवनदायी र हाम्रा आस्थाका धरोहर मानिने पानीका स्रोतहरू मासिँदै नासिँदै सुक्दै र प्रदूषित बन्दै गइरहेका छन् ।

काठमाडौं उपत्यकामा बग्ने नदीहरू वाग्मती, विष्णुमती, मनोहरा, हनुमन्ते, धोवीखोला, कर्मनाशा लगायत प्रदूषित बनेका छन् । बढ्दो सहरीकरण र बस्ती विस्तारका क्रममा नदीले चर्चेका क्षेत्रसमेत अतिक्रमित बन्न पुगे भने नदीमा फालिने फोहोरमैला र सोझै मिसाइने ढलका कारण नदीको जीवन नै समाप्त भएर मृत नदीको रूपमा परिणत हुन पुगे । उपत्यकाभित्रका नदीनालामा भएको मानवीय अतिक्रमण र प्रदूषण नियन्त्रण गर्न वाग्मती नदी सफा बनाउने अभियान अहिले पनि चलिरहेको छ । पूर्व मुख्यसचिव तथा चीनका लागि नेपालका पूर्वराजदूत लीलामणि पौडेलको सक्रियतामा भएको वाग्मती बचाउ अभियानले वाग्मतीको सफाइमा महत्वपूर्ण योगदान पुऱ्याएको थियो । गुह्येश्वरीदेखि मुहानतर्फको भागमा केही माछा लगायतका जलचर देखिन थालेका खबरले नदीको जीवन पुनः फर्कने आशा जगाएको छ । वाग्मतीको सफाइमा केही प्रगति भए पनि यसका सहायक नदीहरूको हालतमा प्रगति हुन सकेको छैन । उपत्यकाका सबै नदीहरूलाई प्रदूषण मुक्त बनाएर पूर्ववत अवस्थामा फर्काउने विषयमा सम्बन्धित सबै पक्ष गम्भीर हुन जरूरी छ ।

यसैगरी अहिले त्रिशुली नदीको प्रदूषणबारे पनि विभिन्न सञ्चार माध्यमहरूमा समाचार आइरहेका छन् । नदी किनारमा सञ्चालित बालुवा, ढुंगाखानी र बालुवा प्रशोधन गर्ने कारखानाहरूले फैलाएको प्रदूषणका कारण त्रिशुली नदी हिउँद याममा पनि वर्षाको जस्तो धमिलो देखिएको छ । स्वच्छ पानीको जलयात्राका लागि प्रसिद्ध मानिएको त्रिशुली नदीमा अहिले पर्यटक शून्य भएको छ । धार्मिक र पर्यटकीय महत्वको त्रिशुली नदीको प्रदूषण नियन्त्रण गरी पूर्ववत अवस्थामा नदीको बहाव कायम राख्न तत्काल कदम चाल्न आवश्यक छ । त्रिशुली जस्तै भोटेकोशी लगायतका नदीहरू पनि प्रदूषित बनिरहेका छन् । मुलुकभर सडक विस्तार गर्ने क्रममा नदी किनार पहिलो रोजाइमा पर्ने गरेका छन् । सडक विस्तारसँगै नदी किनारमा बस्ने बस्तीले नदीमा जथाभावी फोहोर फाल्ने गरेका कारण नदीहरू प्रदूषित बन्ने क्रम बढिरहेको छ ।

विश्वव्यापी रूपमा भएको तापक्रमको वृद्धिका कारण पानीका स्रोतहरू सुक्ने क्रम समेत बढिरहेको छ । पहाडी क्षेत्रको डाँडाको शिरमा रहेका पोखरी सुकेका कारण तल्लो भागमा रहेका बस्तीका धारा कुवा सुक्न थालेका छन् । पहिला हराभरा भएका बस्तीहरू पानीका कारण उजाड भएर पानीको खोजीमा सिंगो बस्ती बसाइँ सर्न बाध्य भएका खबरहरू पनि आउने गरेका छन् । विकास निर्माणका क्रममा गाउँघरमा जथाभावी बिनायोजना खनिएका ग्रामीण सडकहरूले समेत धारा, कुवा जस्ता पानीका स्रोत विनाश हुने गरेका छन् । सिंगो चराचरका लागि अपरिहार्य मानिएको पानीको स्रोत संरक्षण र नदीनालामा भएको प्रदूषण नियन्त्रणमा बेलैमा ध्यान नदिने हो भने भोलिका दिन अझ विकराल बन्दै जानेछन् । त्यसैले अब सरकार, सम्बन्धित निकाय र स्थानीय तहका जनप्रतिनिधिहरूले यसतर्फ बेलैमा ध्यान पुऱ्याउन आवश्यक छ ।

# सुशासन र सम्वृद्धि कुन सिद्धान्तबाट प्रेरित छन् ? थाहा छ अज्ञानी र अल्लारेहरूलाई ?



**सुरेन्द्र ढकाल**

राज्य लोककल्याणकारी (Welfare State) हुनुपर्छ भनेर राज्यको उत्तरदायित्वको व्याख्या गर्नेहरूले भन्ने गर्छन् । थोरै ज्ञान भएकाहरूलाई बुझाउने हो भने राज्यले हुनेखानेबाट कर उठाएर हुँदा खानेहरूको आर्थिक स्तरलाई उचाली हुने खाने बनाउने कार्यलाई लोककल्याणकारी भनेको हो ।

म्याक्स वेभरको आधुनिक प्रशासनिक विज्ञानले राज्यको लोककल्याणकारी दायित्वलाई औचित्यताको सिद्धान्त (Theory of Rationality (TOR) भित्र राखेको छ । जसअनुसार राज्यले हरेक काम गर्दा त्यसको औचित्यता पुष्टि हुने काम मात्रै गर्नुपर्छ अनि मात्रै सुशासनको ग्यारेन्टी हुन्छ भनेको छ । TPR लाई अरु दुई सिद्धान्तले अझ विस्तृत रुपमा व्याख्या गर्छन् । ती भनेको फारो गरी बचाएर चलाउने सिद्धान्त (Theory of Frugality (TOF) र दक्षताको सिद्धान्त (Theory of Efficiency (TOE) हो ।


१)Theory of Frugality (TOF)


यस सिद्धान्तले सकेसम्म फारो गरे खर्च गर्नुपर्छ भनेको छ । जसअनुसार राज्यको संगठन र संगठनभित्र हुने माथिदेखि तलसम्मका पदहरू सिर्जना गर्दा वैज्ञानिक ढंगबाट लेखाजोखा गरेर मात्रै गर्नुपर्छ भनेको हो । यसको उद्देश्य राज्यसंचालनको लागि गरिने खर्च जसलाई चालु खर्च वा साधारण खर्च भनिन्छ, त्यसलाई सकेसम्म न्यून बनाउनुपर्छ अनि मात्रै विकास र उत्पादनमा राज्यले लगानी गर्नका लागि गरिने पुँजिगत खर्च बढाउन सक्छ भनेको हो । विकास र लगानीको लागि गरिने पुँजिगत खर्चभन्दा साधारण खर्च बढी छ भने त्यो TOF को सिद्धान्त विपरीतको कार्य हो जसबाट समृद्धि सम्भव छैन बरु त्यसको ठीक उल्टो राज्य आर्थिक रुपमा धरासायी हुन्छ भनेर ठोकुवा गरिएको छ ।

नेपालमा २०४७ सालमा बहुदलीय व्यवस्था र २०६३ सालमा गणतन्त्र आएपछि यो सिद्धान्तलाई राज्यले पूर्णरुपमा अवज्ञा गरी सरकारी संगठनको संख्या र आकार दलगत भागवण्डा मिलाउनका लागि भन्दै बढाउँदै जाने, चाहिनेभन्दा बढी कर्मचारी भर्ना गर्ने र राजनीतिक क्षेत्रलाई सेवा नभनी लाभ र सुविधाको पद बनाई राज्यको ढुकुटी दोहन गर्ने दिने दिलाउनेजस्ता कार्यहरू भएको कारण अहिले देश साधारण खर्च जुटाउनै नसक्ने गरी आर्थिक रुपले भिरतर्फ लाग्दैछ ।

२)Theory of Efficiency (TOE)

TOE याने दक्षताको सिद्धान्तले दुई कुरा इंगित गरेको हुन्छ । पहिलो कुरा भनेको राज्यले गर्ने हरेक कार्य समयभित्रै सम्पन्न हुनुपर्छ भनेको छ जसलाई प्रशासनिक विज्ञानले Theory of Tempestivity (TOT) भन्छ । अर्कोतर्फ समयभित्र सम्पन्न भएर मात्रै हुँदैन सम्पन्न भएका कामहरूको गुणस्तर राम्रो हुनुपर्छ भनेको छ जसलाई प्रशासनिक विज्ञानले Theory of Quality (TOQ) भन्छ ।




यस सिद्धान्तअनुसार राजनीतिक र प्रशासनिक स्तरका सरकारी पदहरू ओगट्ने व्यक्ति सो पदले मागे बमोजिमको शैक्षिक योग्यता, तालिम, अनुभवले खारिएको व्यक्ति जसको कामप्रति सकारात्मक सोच (Positive Attitude Towards Job) होस भनेर ठोकुवा गरेको छ । यस्तो भयो भने मात्रै सरकारी प्रशासन यन्त्र जसलाई व्यूरोक्रेसी वा स्थायी सरकार भनिन्छ त्यो पेसागत रुपबाट दक्ष स्वाभीमानी व्यक्तिहरूको जमात बन्न जान्छ, लगाएको अह्राएको काम गर्ने नोकरको जमात हुनु हुँदैन भनेको छ । नेपालमा २०४७ सालमा बहुदलीय प्रजातन्त्र र २०६३ सालमा गणतन्त्रात्मक व्यवस्था त आयो तर प्रशासन याने व्युरोक्रेसीलाई पेसागत रुपबाट दक्ष स्वाभीमानीको जमात बनाउनेतर्फ कुनै कार्य नहुँदा राजनीति र प्रशासनमा झोलेहरू हावी हुन पुगेकै कारण नेपालमा प्रजातन्त्र दिन परदिन भ्रष्टाचार, नातावाद, कृपावाद र फरियावादको सिकार भई गन्हाउन पुगेको छ ।

देशमा प्रजातन्त्र त आयो तर दलभित्र योग्य व्यक्तिले काम गर्ने मौका पाउने अन्तःदल प्रजातन्त्र (Intra Party Democracy) कहिले पनि आएन । देशमा प्रजातन्त्र त आयो तर योग्य दलले सरकार संचालन गर्ने प्रजातन्त्र (Inter Party Democracy) कहिले पनि आएन । अयोग्य असक्षम र तिनीहरूको झोलेहरूको हातमा राजनीतिक दलको चावी पर्न पुगेको कारण अहिले देशले दुर्दशा भोगिरहेको छ ।

कुनै पनि राजनीतिभन्दा त्यहाँको प्रशासन व्यवस्था राम्रो हुन सक्तैन भनेर प्रशासनिक विज्ञानका जन्मदाता म्याक्स वेभरले भनेका छन् । त्यो भनाइ र त्यसअनुरुप राज्य संचालन गर्ने नेपालमा आजसम्म कुनै नेता जन्मेका छैनन् । चाहे त्यो बीपी, मनमोहन, कृष्णप्रसाद, गिरिजा, माधव, झलनाथ, प्रचण्ड, बाबुराम खड्ग ओली जोसुकै हुन् ती सबैले आफूलाई उही ड्याङका मूला सावित गरिसकेका छन् ।

यसो भनिरहँदा कसैले तुलसी गिरी, सूर्यबहादुर, किर्तिनिधि, लोकेन्द्र अनि मरिचमानहरू योग्य थिए त भन्लान् । मैले यहाँ प्रजातान्त्रिक व्यवस्थाको कुरा गरेको हो । निरंकुश व्यवस्थाको होइन । त्यस व्यवस्थाले आफ्नो सिद्धान्तअनुरुप काम गरेकै हो । प्रजतान्त्रिक नेताको कहिले सम्पन्न हुन नसक्ने मेलम्ची र तथाकथित सक्षमता मेलम्ची र तथाकथित राष्ट्रिय गौरवका आयोजनाले प्रदर्शन गरि नै रहेका छन् ।

आफूलाई प्रजातान्त्रिक व्यवस्थाका नेता भन्नेहरूले सक्षम, सादगी र पारदर्शी अनि राष्ट्रवादी भएर देखाउनु पर्‍यो नि । पहिलेका नेताहरूले त प्रशासनिक विज्ञानको सिद्धान्तअनुरुप कार्य गरेनन् तर अहिलेका रवि, राजेन्द्र, ज्ञानेन्द्र, तोसिमा अनि सविता भन्नेहरूले माथिका सिद्धान्त पढेका छन् ? छैनन् भने यिनीहरू छिट्टै अल्लारे असक्षम सावित हुने छन् । तसर्थ तिमी अल्लारेहरू आओ हप्ताको एक दिन म तिमीहरूलाई म्याक्स वेभरको ब्युरोक्रेसी पढाइदिन्छु । होइन, हावामा कुद्यौ भने तिमीहरूको गति पनि त्यही हुनेछ ।

# देवघाट-वागीश्वरीको सम्पदा बचाऔं



**सुदर्शन प्रधान**

चितवन, नवलपरासी र तनहुँ जिल्लाको सङ्गमस्थल देवघाट-वागीश्वरीको वनमा विदेशी नागरिकहरूद्वारा गैरकानुनी रूपले जङ्गल फँडानी गरी मेडिकल कलेज निर्माण गरिँदै छ । विकासको नाउँमा विनाश गर्ने यो कार्यको यहाँका पर्यावरण, धार्मिक र सामाजिक सङ्घसंस्थाहरूले सुरूदेखि नै विरोध गर्दै आएका हुन् । केही समययता उक्त प्रतिरोधी सङ्घर्ष व्यवस्थित रूपमा चलिरहेको छ, हस्ताक्षर कार्यक्रम भइरहेका छन् ।

देवघाट-वागीश्वरीको महत्त्व के छ ? के कारणले त्यसको सुरक्षाका लागि हजारौं मानिसहरू कुनै पनि मूल्य चुकाउन तत्पर भइरहेछन् ?

देवघाट-वागीश्वरीको वन भनेको यस्तो प्राकृतिक जङ्गल हो, जसको निर्माण गर्न प्रकृतिलाई लाखौं वर्ष लाग्यो । हजारौंहजार वन्यजन्तु र पशुपक्षीहरूको वासस्थान सालको घना वन र अरू धेरै रूख वा बोटबिरूवाका साथै बहुमूल्य जडीबुटीहरूले ढाकिएको छ । त्यसैले यो स्थल असीमित र अमूल्य जैविक विविधताहरूको महान् भण्डार बनेको हो ।

नारायणी नदीको किनारमा अवस्थित देवघाट-वागीश्वरी क्षेत्र पुरातात्त्विक सम्पदाले पनि भरिपूर्ण छ । यहाँ पुराना मूर्तिहरू, मन्दिरका गजुरहरू, कुँदेका ढुङ्गापत्थरहरू, सुरूङ, इनारजस्ता प्राग‌ैतिहासिक मानवसभ्यताका महत्त्वपूर्ण अवशेषहरू प्रशस्त भेटिएका छन् । त्यसैले यस ठाउँलाई पुरातात्त्विक अध्ययनको केन्द्रको रूपमा विकास गर्न सकिन्छ । यस्ता सामाजिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्नु आजको राष्ट्रिय आवश्यकता पनि हो ।



देवघाट-वागीश्वरी नेपालकै गरिमामय धार्मिक तथा आध्यात्मिक क्षेत्र हो । यो प्राचीन ऋषिमुनिहरूले ज्ञानआर्जन गरेको पवित्र थलो हो र आजका थुप्रै योगी, माईमहात्मा, साधुसन्तहरूको आश्रम पनि हो । सयौं-हजारौं मिल टाढादेखि हिन्दूहरू यहाँ एउटा आस्था बाकेर दर्शन गर्न आउँछन् र आध्यात्मिक अनुभूति लिएर फर्कन्छन् । सबै मानिसको आस्था र विश्वासको केन्द्र एउटै कुरामा नहुन सक्छ र आध्यात्मिक अनुभूति पनि । महत्त्वपूर्ण कुरा के हो भने कसैले पनि कसैको आस्था र विश्वास ध्वस्त गर्नु हुँदैन तर हिन्दूहरूको आस्थाको केन्द्र देवघाटमा बन्ने मेडिकल कलेजले कालान्तरमा त्यो विश्वासलाई अवमूल्यन र विध्वंस गर्न सक्छ ।

वागीश्वरीमा बन्ने मेडिकल कलेजमा झन्डै ८ हजार मानिसहरू रहनेछन् । उनीहरूबाट दैनिक ८० क्विन्टल मलमूत्र, अस्पताल र कलेजमा प्रयोगमा आउने अनेकौं घातक रसायन, शव र अन्य धेरै सडेगलेको फोहोर नारायणी नदीमा जानेछ । त्यसपछि पवित्र नारायणी काठमाडौंको बाग्मतीझैं अत्यन्तै प्रदूषित बन्नेछ र विशाल भएर पनि नारायणी नदीको पानी पिउन, स्नान गर्नसमेत अयोग्य हुनेछ ।

वागीश्वरी वन मासेर विदेशीहरू बसेपछि नेपाली नागरिकहरू किन नबस्ने ? गम्भीर प्रश्न उठ्नेछ र देवघाटदेखि रामनगरसम्मको वन विनाश हुन सक्छ । यसो भएमा भूक्षय तीव्र हुनेछ र नारायणगढ बजार अरू खतरामा पर्नेछ । त्यसै गरी अत्यावश्यक ठाउँहरूमा पक्का तटबन्ध र स्पर्क (चेक ड्याम्प) हरू निर्माण नगर्ने हो भने यही आउँदो केही दशकभित्र नारायणी नदीको बाढीको मुस्लोले नारायणगढ बजारलाई विनाश गर्न सक्छ र पश्चिम चितवनसमेत जलमग्न बनी यहाँ प्रलय छाउन सक्छ तसर्थ घटना घट्नुअगावै सचेत बनौं ।

अमेरिकामा रहने भारतीय आप्रवासीहरूले निर्माण गर्ने यस मेडिकल कलेजको मूल उद्देश्य धनआर्जन गर्नु हो । त्यसैले 'भारतीय चिकित्सा परिषद्' ले उनीहरूलाई त्यहाँ बस्न दिएन तर नेपालमा उनीहरू सफल भए । यसको कारण हो यहाँका केही पहुँचवालाहरू पनि ती द्रव्य पिचासहरूका बसमा परे । उक्त मेडिकल कलेजलाई त्रिभुवन विश्वविद्यालय र नेपाल चिकित्सा परिषद्ले मान्यता दिएको छैन । अझ विरोधसमेत जनाएको छ तर शिक्षा तथा संस्कृति मन्त्रीले मेडिकल कलेज निर्माण गर्न जुन स्वीकृति दियो, त्यो प्रक्रियागत गल्ती मात्र नभई तानाशाही र बदनीयतपूर्ण निर्णय हो । यस्तो निर्णय कुनै पनि राष्ट्रवादी र स्वाभिमानी नेपालीको संवेदनामाथिको प्रहार हो ।

हामी मेडिकल कलेजका विरोधी होइनौं । पर्यावरण (मूलतः प्राकृतिक वन र नदी) लाई दखल नपुऱ्याउने गरी चितवन तथा अन्य कुनै पनि ठाउँमा मेडिकल कलेज रहन सक्छ । त्रिभुवन विश्वविद्यालय र नेपाल चिकित्सक परिषद्को नीति, निर्देशनभित्र रहेर त्यसलाई खोल्न दिनुपर्छ तर पर्यावरणीय संरक्षण नहुने हो भने त्यस्तो मेडिकल कलेजलाई नेपालको कुनै पनि भूभागमा टेक्न, बस्न दिनु हुँदैन ।

आज जुन ठाउँमा मेडिकल कलेज खोलिँदै छ, त्यो घना जङ्गल क्षेत्र जैविक विविधता, धार्मिक, पुरातात्त्विक, सांस्कृतिक र ऐतिहासिक संरचनाको विशिष्ट केन्द्र हो । देवघाट विकास गुरू योजना कार्यान्वयन गरी यसलाई एउटा विशिष्ट पर्यटन केन्द्रको रूपमा विकास गर्न सकिन्छ । यसैमा राष्ट्र, जनता र धरतीमाताको हित हुन्छ । यस मान्यतालाई स्थापित गर्न हामी सङ्घर्षरत छौं र अन्तिमसम्म रहनेछौं । यो सङ्घर्षको व्यापकताका लागि मुलुकभरिका पर्यावरणवादीहरू, धार्मिक, सामाजिक, प्रगतिशील, प्रजातान्त्रिक, स्वाभिमानी, देशभक्त र न्यायप्रेमी जनसमुदायसामु भौतिक र नैतिक सहयोग, समर्थन गरिदिनुहुन हामी हार्दिक आह्वान गर्दछौं ।

वागीश्वरीबाट मेडिकल कलेज– हट्नै पर्छ !

सम्पूर्ण धरतीप्रेमीहरूको एकता– अमर रहोस् !

(२०५१ भदौ १७ गते वागीश्वरी संरक्षण सङ्घर्ष समिति गठन भएपछि समितिका कार्यकारी डा. गोपी उप्रेती र यो पङ्क्तिकारलाई एउटा पर्चा तयार गर्न जिम्मा दिइयो । हामी दुवैले छुट्टाछुट्टै पर्चा तयार गरी अन्तमा दुवैका पर्चाबाट सार निकाली माथिको पर्चा तयार भयो– **लेखक**)

# हाम्रो सामाजिक सक्रियता

## श्री सिद्धेश्वर माध्यमिक विद्यालय र सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य


सुरेन्द्र ढकाल

का.म.न.पा. वडा नं. ३१, नयाँ बानेश्वरमा अवस्थित यस सिद्धेश्वर माध्यमिक विद्यालयको स्थापना वि.सं २०४७ सालमा नयाँ बानेश्वर, शान्तिनगरमा तत्कालिन वडाध्यक्ष श्री विदुर शाह र समाजसेवी सगुन शाहको पलहमा भएको हो। बालकक्षादेखि १० कक्षासम्म अध्ययन अध्यापन हुँदै आएको यस विद्यालयले आर्थिक रुपमा विपन्न पिछडिएका सडक बालबालिका तथा मध्यम परिवारका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ। हाल यस विद्यालयमा ४८७ बालबालिकाहरू अध्ययनरत छन्।

स्थापनाकालमा स्थानीयको डेस्कबेन्चको सहयोग र ६ वटा कोठामा नेपाल सरकारको ४ वटा दरबन्दीसहित २०५३ सालमा प्राथमिक विद्यालयको स्वीकृति प्राप्त गरेको थियो। स्थापनाकालपश्चात थुप्रै उतारचढावबीच अगाडि बढिरहेको यस विद्यालयले एसईई परीक्षामा उच्च अंकका साथ सफलता हासिल गर्दै अध्ययन अध्यापन गर्दै आइरहेको छ। यस विद्यालयमा हाल शिक्षक कर्मचारीको कुल संख्या २८ रहेको छ। जसमा १ लेखापाल २ सहयोगी कर्मचारीहरू रहेका छन्।

२०७९ सालदेखि यस विद्यालय र सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्यको आरम्भ भएको छ। प्रतिष्ठानले विद्यालयको कार्यक्रम हलको लागि आवश्यक रु १,२३,४२५ को साउण्ड सिस्टम र बालकक्षाको लागि अडियो भिडियो माध्यमबाट अध्ययन अध्यापनका लागि टेलिभिजन प्रदान गरेर विद्यालयसँग सहकार्यको आरम्भ गरेको छ। आगामी वर्षहरूमा पनि विद्यालयलाई आवश्यक सहयोग गर्दै जाने उद्देश्यबमोजम प्रतिष्ठान र विद्यालयबीच आबद्धता कायम भएको छ।

सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य भई कार्यक्रम हलमा Sound System जडान भएको कारण विद्यालयमा अतिरिक्त क्रियाकलाप तथा अन्य कार्यक्रम सञ्चालन गर्न सहज भएको र बालकक्षामा भिडियोमार्फत अध्ययन अध्यापन सुरु भएबाट बालबालिकामा सकारात्मक प्रभाव परेको स्पष्ट महसुस गर्न सकिन्छ। प्रतिष्ठानसँगको सहकार्यलाई विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघले उच्च मूल्याङ्कन गर्दै विद्यालयमा गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ।












कथा

# तिम्रो लोग्ने र म

निरूपा प्रसून

सौभाग्य हो कि दुर्भाग्य, म केही जान्दिनँ। साहित्यिक कार्यक्रममा एक वर्ष पहिले तिम्रो लोग्नेसँग भेट भएको थियो। त्यस दिन मैले ठानेँ, तीस-एकतीस वर्षको युवक, पक्कै पनि कसैको लोग्ने भइसकेको छैन होला। कविता लेखेर साहित्यमा नमेटिने नाम दर्ता गराइसकेको केटो, जसको प्रत्यक्ष अनुहार देख्नुभन्दा पहिले नै म उसको जबरजस्त फ्यान थिएँ। आकर्षक शरीर, माया गरुँगरुँ लाग्ने अनुहार ठ्याक्कै उसको कविता जस्तै सुन्दर लाग्यो। म त त्यो दिनको उसको पहिलो हेराइमै घायल भइसकेकी थिएँ। अब उपचार उसैबाट मात्र सम्भव थियो। जब त्यस दिन कार्यक्रम सकियो।

म तपाईंसँग फोटो खिच्छु नि।

उसलाई नछोईकनै उभिएँ म। मेरो क्यामरा अरुले नै क्लिक गर्दियो। म दङ्ग परेँ। कुरा कहाँबाट सुरू गर्ने कुनै आपत्तिको विषय थिएन।

मलाई तपाईंको कविता असाध्यै मन पर्छ। दोहोर्याएर समेत पढेकी छु। त्यो बेला तिम्रो लोग्नेले मेरो कुरा सुनेर मख्ख पर्दै भनेको थियो, ओ रियल्ली ? तपाईं पनि लेख्नुहुन्छ ?

म त लेख्दिनँ। लेख्न आउँदैन। तपाईंहरूले लेखेको पढ्न सौखिन छु।

मज्जाले हाँस्यो। आँखामा आँखा जुधाएर सोध्यो, तपाईंको हबी ?

मेरो हबी भनेको, मलाई मन परेको सिर्जनाको सर्जकलाई भेट्नु हो।

आज मनपर्ने कसलाई भेट्नुभयो त ?

तपाईंलाई। तपाईंको त्यो चर्चित कविता 'आँसुको रगत' पढेदेखि नै तपाईंलाई भेट्ने रहर उम्लिरहेको थियो। अझ तपाईं त यस्तो उमेरकै हुनुहोला भन्ने लागेको थिएन।

ऊ फेरि हाँस्यो।

साँच्चै हो र ? शंका व्यक्त गर्यो उसले। शंकालु त आइमाई पो हुन्छन् भन्थे।

हो नि। आज भगवान् भेटेझैं भएको छ मलाई।

मान्छेलाई मान्छेकै रूपमा स्वीकार्नु राम्रो होला कि !

हामी त्यस दिन छोटो कुराकानीपछि नै छुट्टियौं। तिम्रो लोग्नेलाई टाढा पुग्नु थियो। कार्यक्रम स्थलको जिल्लाभन्दा ठ्याक्कै जोडिएको अर्को जिल्लाको मान्छे थियो ऊ। म भने त्यहीँकी थिएँ। कुनै हतार थिएन। मेरो घर नजिकै थियो। तिम्रो लोग्नेले सबैसँग बिदा लिएर बाइक स्टार्ट गयो। मतिर हेर्दा पनि नहेरी गएको थियो।

मलाई रिस उठिरहेको थियो। दुई दिनसम्म फोन गरिनँ। पछि एसएमएस गरेँ। त्यस दिन खिचेको फोटो उसले इमेल गर्रिदनु भनेको थियो। यता मेरो क्यामेरा बिग्रिएर सबै फोटो डिलिट भएका थिए।

सरी, क्यामरा बिग्रियो। फोटो पठाउन सकिनँ।

नो प्रोब्लम, तिम्लाई कस्तो छ र? यतिखेर म तिमीलाई नै सम्झँदै थिएँ , तिम्रो लोग्नेको उत्तर आयो।

उसको एसएमएसले म त दंगदास बनेँ। त्यो दसैंको बेला थियो। म दसैं मनाउन घर गएकी थिएँ। विगत १० वर्षदेखि काठमाडौंमै बस्दै आएकी छु। तिम्रो लोग्ने मोफसलमै बस्थ्यो। ऊ राम्रो कविता लेखेर देशभरि चर्चित बनेको थियो। तिम्रो लोग्ने लेक्चरर पनि रहेछ। होइन ?

म दसैं सकेर काठमाडौं आएँ। नियमित काममा लागें। शनिबार अथवा बिदाको दिनमा म साहित्यिक माहोलमा रम्थेँ। यसो गर्न मेरो मन र विवेकले अह्राउँथ्यो। एक दिन म गुरूकुलमा कविता सुन्न गएकी थिएँ। त्यो बेला उसलाई देखेर चिच्याएँ म त'। वरिपरिका मान्छेहरू पनि ट्वाल्ल परेर हेर्याहेर्यै भएँ। तिम्रो लोग्ने पनि अलि अप्ठ्यारो मान्दै थियो क्यारे।

तपाईं कसरी काठमान्डू ?

म आजकाल यहीँ बस्छु।

मलाई किन खबर गर्नु भएन त ?

यसै गरी यहीँ भेट हुन्छ भन्ने थाहा भएर।

दुवै मज्जाले हाँस्यौं। त्यो दिन त्यतिमै सीमित रहेन। उसले कोठा पुगेर फोन गर्यो। घर छोडेर एक्लै कोठामा बसेको पहिलो अनुभव भएको सुनाउँदै थियो। मलाई यही बेलादेखि उसको माया लाग्न थालेको थियो क्यारे।

एक्लै केटा मान्छे, खाना-बनाउन भाँडा माझ्न अल्छी लाग्दैन ?

लागेर के गर्नु त अब ?

म आइदिऊँ त ?

आउँछौ ? आऊ न त।

तलब कति दिनुहुन्छ त ?

थाउजेन्ड किसेस 'घन्टाको।

मलाई लाज लाग्यो। कोठामै आएर चुम्बन गरेको आभास भयो। एउटा मीठो नरम अनुभूति।

भो, त्यसो भए आउँदिनँ।

सुन्छौ ? तिम्रो लोग्ने त मभन्दा अगाडि निस्कियो। मलाई पो ऊ मन परेको थियो त', उल्टो ऊ नै पो मलाई हाँसो पनि लाग्यो। पत्यार पनि लागेन।

पत्याएनौ ? आइ एम रियल्ली इन लभ विथ यु बेबी।

होइन होला, शंका व्यक्त गरेँ मैले।

पहिलो पटक तिमीलाई देख्नेबित्तिकै, यति राम्री स्मार्ट केटी को होली भनेर तिमीमै मेरो सारा ध्यान थियो। मञ्चमा बसुन्जेल तिमीलाई नै हेरिरहेको थिएँ म। तिमीलाई नै सोच्दै थिएँ म'। यो एसएमएस चाहिँ मैले दोहोर्याएर पढेकी थिएँ। छक्क परेँ। रमाइलो पनि लाग्यो। मैले पनि त्यो बेला मञ्चमा दश जनामध्ये उसैलाई हेरिरहेकी थिएँ। अझ मञ्चमै उसको अटोग्राफ लिन गएकी थिएँ। एक रात उसले फोन गर्दा २ घन्टा १५ मिनेट ८ सेकेन्ड भएको थियो। तिमी अनुमान पनि लगाउन सक्दिनौ, घन्टौं के गफ गर्‍यौं हामीले भनेर। भोलिपल्ट बिहान, तिम्रो लोग्नेको एसएमएस आँखा मिच्दै पढेँ।

हाइ, स्वीटहार्ट, आर यु अल राइट ?

म पहिले पो बिसन्चो थिएँ क्यारे तपाईंसँग कुरा गरेपछि बल्ल पो सन्चो भएँ।

सुन्यौ, अब कुरै कुरामै हामीबीच कुनै दूरी बाँकी थिएन। मैले पनि उसलाई प्रेम गरेको आभास दिइसकेकी थिएँ।

ऊ भन्थ्यो, प्रेम भनेको मनसँग छुट्याएर गर्ने होइन। शरीर र मन सँगै हुन्छन्। मलाई पनि उसको कुरा हो जस्तै लाग्यो। आत्मिक र भौतिक भनेर बेकार मायालाई अलग्याइरहन्छु म पनि'। तिम्रो लोग्नेले भने जस्तै मन र



शरीर एउटै त हो नि भन्ने पक्षमा गएँ म पनि। खै के हो ? तिम्रो लोग्नेले जे बोल्यो त्यही चित्त बुझ्छ। त्यही कुरा हो झैं लाग्छ। अरु सब झुट। आफ्नै मान्यता र सिद्धान्त पनि बेकामका ठहरिएका थिए तिम्रो लोग्नेका अगाडि।

आधा रातमा ब्युँझिएर पनि उसैलाई सम्झन थालेकी थिएँ। तिम्रो लोग्ने मेरो धड्कनको नसा बनेको थियो।

एकदिन ऊ घर गयो। मलाई काठमाडौं नै शून्य लागेर आयो। उसको रित्ततामा पहिल्यै पढिसकेको उसको कविताको किताब झिकेर पल्टाउन थालें। थाहा छ तिमीलाई ? जब त्यो किताबको लेखकीय पढेँ नि १ म त छाँगाबाट खसेझैं भएँ। ऊ त तिम्रो लोग्ने भइसकेको रहेछ। अझ विवाहको साक्षी चार वर्षकी छोरीसमेत रहिछे। उफ् ! छट्पटी भो। असाध्यै रिस उठ्यो। तत्काल तिम्रो लोग्नेलाई फोन गरेँ।

तिम्ले किन भनेनौ यी सब कुराहरू ?

तिम्रो लोग्नेलाई तिमी भन्ने भइसकेकी थिएँ म

के कुरा?

तिम्रो त छोरीसमेत रहेछ।

कुनै आश्चर्य नमानी भन्यो उसले, छे त छोरी, के तिम्लाई थाहा थिएन र ?

कहिल्यै सुनाउने कष्ट गर्यौ र ? नभनी कसरी थाहा हुनु नि !

अहिले कसरी थाहा पायौ ?

तिम्रो किताबमै रै'छ नि त।

हो त। मैले मेरो किताबमै लेखेको कुरा तिम्लाई थाहै होला भनेर भन्न जरूरी ठानिनँ।

हुन पनि हो। तिम्रो लोग्नेको के दोष ? उसले त तिम्राबारे सार्वजनिक गरेकै रहेछ, मैले पढिनँ त के गर्नु?

त्यसपछि तिम्रो लोग्नेको माया मार्नुपर्ने हो मैले। तर त्यसो भएन। झन् झाँगियो हाम्रो अवैध प्रेम'।

उसले मलाई तिमीलाई भन्दा बढी प्रेम गरेको ठान्थेँ म। तिम्रो लोग्नेले भन्थ्यो पनि बारम्बार, म पहिलो पुरूष होइन, घरमा स्वास्नी भएर पनि अर्कोसँग प्रेम गर्छ। हो त, म पनि पहिलो युवती थिइनँ, जो अरुको लोग्नेसँग प्रेम गर्दै छे। हामी भेट्थ्यौं। सार्वजनिक ठाउँमा तिम्रो लोग्नेको प्रतिष्ठाको सवाल उठ्थ्यो, त्यसैले निजी र साँघुरो ठाउँमा भेट्थ्यौं हामी। भेटभन्दा बढी फोनमा कुरा हुन्थ्यो। ऊ अफसोच व्यक्त गर्थ्यो, हाम्रो भेट ढिलो भयो भनेर। उसको कुरामा म मैनझैं पग्लिएकी थिएँ। हामीले एउटा उज्यालो सँगै स्वागत गरेका थियौं। त्यसपछि झन् तिम्रो लोग्ने संसारको प्रिय प्रेमी बन्यो मेरा लागि।

यो कुरा त तिमीलाई पनि थाहै छ। अचानक ऊ बिरामी भयो। तिम्रो लोग्नेको हेरविचारका लागि तिमी आएको दुई दिनपछि बल्ल मलाई आफू बिरामी भएको कुरा सुनाएको थियो।

पहिलो पल्ट ब्रह्मज्ञान भो मलाई, ऊ त केवल तिम्रो लोग्ने हो भन्ने कुराको। बिरामी भएर त्यति टाढाबाट तिमी आयौ, म उसको छेउमै बसेर पनि मलाई थाहासम्म दिएन। कस्तो सम्बन्ध हो यो रु मैले पनि उसलाई तिमीले झैं हस्पिटल लैजान सक्थेँ। जाउलो पकाएर खुवाउन सक्थेँ। किन तिमीलाई नै बोलाउन जरूरी भयो ? ननिको लागेको थियो मलाई। उसलाई देखाएरसमेत माया गर्न सक्दिनथेँ म। उसलाई सन्चो भइसकेको थिएन। तिमी पनि घर फर्किसकेकी थिइनौ। डाक्टरकोमा आउँदा उसले मलाई भेट्यो। ऊ आउनुपर्ने डाक्टरको क्लिनिक र मेरो अफिस सँगसँगै थियो। उसलाई भेट्न पाएकामा म असाध्यै खुसी थिएँ। अलि दुब्लाएको रहेछ ऊ। मैले उसका लागि फलफूल र अरु खाने कुरा किनेकी थिएँ। त्यो किनिरहँदा मलाई अनौठो आनन्द लागेको थियो। यही आनन्द, यही खुसी अन्तिम रहेछ तिम्रो लोग्नेसँगको। तिमीसँग अकाट्य सम्बन्ध रहेछ उसको। त्यो तिमी स्वयं पनि जान्दिनौ होली', मैले किनेको केही सामान पनि लगेन। मलाई दोस्रो पल्ट असाध्यै नराम्रो लाग्यो। अर्काको लोग्नेलाई माया गर्नु निरर्थक लाग्यो। कस्तो प्यारसँग किनेकी थिएँ। फगत तिम्रो कारणले'। तिम्ले शंका गर्छ्यौ भन्ने भयले '। तिम्रो मन दुख्ला भन्ने कत्रो चिन्ता ? विचरा, मेरो दिलको हालत तिम्रो लोग्नेलाई के मतलब ?

सुन्छ्यौ ?

तिम्रो लोग्नेलाई प्रेम गर्दाको पनि सजाय भोगेँ मैले। कोठामा आएर धेरैबेर रोएँ। तिम्रो लोग्नेसँग भएका कुरा र बिताएका पल आँसुले नै धोइदिएँ। केही पछि नै मन हल्का भो। चैनसँग सास फेरेँ। हाम्रो सम्बन्ध कुनै गन्तव्यमा पुग्नु थिएन, न त एकअर्कालाई प्राप्त गर्नु थियो। बस्, हामी प्रेम गर्थ्यौं। प्रेम गर्थ्यौं भन्ने भ्रममा रहिछु म। अब त त्यो पनि बाँकी रहेन। अचम्म अचम्मको प्रेम मैमाथि हुनुपर्ने रु कहिले मान्छेको रुपरंग मन परेर त्यसैमा दिल खस्छ, कहिले लेखेको कुरा मन परेर त्यही लेखकसँग दिल बस्छ। त कहिले' !

साँच्चै त्यो बेला पनि तिम्रो लोग्नेसँग मेरो प्रेम बसेकै थियो।

अब छैन।

*(निरुपाको 'तिम्रो लोग्ने र म' कथासंग्रहबाट साभार)*

# आमाको दूध बच्चालाई कति उपयोगी ?



बच्चाले भन्न जान्दैन। त्यसैले उसलाई समय-समयमा आमाको दुध खुवाइरहनुपर्छ। सुरुमा पाएको पोषिलो आहारले उसको भावी जीवनलाई प्रभाव पार्छ। शिशुले जन्मदेखि कम्तीमा पनि ४ वा ६ महिनासम्म प्रशस्त मात्रामा आमाको दूध खान पाएको खण्डमा उसले आवश्यक पौष्टिक तत्व त पाउँछ नै, रोग प्रतिरोधात्मक शक्ति पनि प्राप्त गरी उसको सन्तुलित वृद्धि र विकासमा टेवा पुग्छ।

सर्वगुणसम्पन्न आमाको दुधको स्रोत अर्थात् आमाको पोषणको स्तर, उनले दैनिक प्राप्त गर्ने खानाको स्तरबारे भने तुलनात्मक रुपमा कम मात्र चासो राख्ने गरेको पाइन्छ। अझ नेपालको परिप्रेक्ष्यमा हेर्ने हो भने स्तनपानलाई पौष्टिक र स्वास्थ्यका दृष्टिकोणले भन्दा पनि परम्परागत मान्यताको रुपमा अवलम्बन गरिएको छ।

स्तनपानलाई प्राथमिकता दिँदा शिशुले यथेष्ट पौष्टिक तत्व प्राप्त गर्ने मौका पाउँछ। तर आमाको खानामा उचित ध्यान पुर्याउन नसकेमा उनको स्वास्थ्य प्रतिकूल असर पर्न सक्छ। प्रायजसो सुत्केरी महिलामा लौहतत्व, भिटामिन ए तथा प्रोटिनको कमी भएको कुरा अध्यानले देखाएको छ।

साधारणतया महिलाहरू आफ्नो बच्चलाई स्तनपान गराउन सक्षम हुन्छन्। टीबी, एड्स तथा विशेष औषधिको सेवन गरिएको अवस्थाबाहेक अन्य साधारण अवस्थामा स्तनपान गराउन सकिन्छ। सफलताका साथ स्थानपान गराउन सुत्केरी अवस्थाबाहेक गर्भवती अवस्थामा समेत महिलाको दैनिक खानामा ध्यान दिनुपर्ने हुन्छ।

आमाको पोषणस्तर जति राम्रो हुन्छ, त्यति नै गुणात्मक र परिणात्मक रुपमा शिशुले आमाको दुध प्राप्त गर्न सक्छ। एकातिर आमाको स्वास्थ्यस्थिति सन्तुलित राख्न र अर्कोतिर शिशुलाई यथेष्ट दुध उपलब्ध गराउन आमाको भोजनमा साधारणभन्दा थप खानाको व्यवस्था गर्नुपर्छ।

महिलाको अवस्था, उनले गर्ने कामको प्रकार हेरि दैनिक भोजनमा क्यालोरी, प्रोटिन, भिटामिन, खनिज पदार्थ थप गर्नुपर्ने हुन्छ। सुत्केरी महिलाले दैनिक आवश्यक सन्तुलित भोजन प्राप्त गर्न सकेमा शरीर स्वस्थ राख्न मद्दत मिल्छ। साथै, दुध बन्नका लागि शरीरमा जम्मा भएको पौष्टिक तत्वको पुनः पूर्ति हुनुका साथै शिशुका लागि प्रशस्त दूध उत्पादन गर्न मद्दत पुऱ्याउँछ।

एक स्वस्थ दुध खुवाउने महिलाबाट करिब ६ सय मिलिलिटर प्रतिदिन दुध बन्न सक्छ। आफ्नो दैनिक पौष्टिक आवश्यकता पूरा गर्न र उल्लिखित परिमाणमा दुध बन्न उनलाई दैनिक आवश्यकताबाहेक थप पोषिलो खानाको जरुरत पर्न सक्छ।

आमाले गरेको भोजन क्यालोरीमध्ये ६० प्रतिशत क्यालोरी मात्रा दुधमा रुपान्तरण हुन सक्ने भएकाले ४ सय २० क्यालोरीका लागि दैनिक थप ७ सय क्यालोरी आवश्यक पर्नेहुन्छ। यसैगरी आमाको दुधमा प्राप्त हुने ७.२ ग्राम प्रोटिनका लागि भोजनमा १४.४ ग्राम आवश्यक पर्ने हुनाले यस आवश्यक पर्ने हुनाले यस अवस्थामा २० ग्राम थप प्रोटिन अवस्थामा २० ग्राम थप प्रोटिन आवश्यक पर्छ।

यसैगरी दुध खुवाउने महिलाको भोजनमा दैनिक ७ सयदेखि १ हजार मिलिग्रामसम्म क्याल्सियम थप गर्नुपर्ने हुन्छ। आमाको दुध बन्न शरीरको कुल क्याल्सियममध्ये करिब २ सयदेखि ८ प्रतिशत खर्च हुने भएकाले यसको पूर्तिका लागि पनि थप क्याल्सियम आवश्यक पर्ने हुन्छ।

यदि दुई बच्चाबीचको जन्मान्तरको दूरी कम छ भने त्यस्तो स्थितिमा आमाको शरीरमा क्याल्सियम आवश्यक मात्रामा जम्मा हुन नसक्दा पछि गएर हाड कमजोर हुने सम्भावना हुन्छ। शिशु जन्मँदा रगत खेर जाने भएकाले यस समयमा बढी फलाम (लौहतत्व ) आवश्यक हुन्छ। तर स्तनपानको समयमा भने थप लौहतत्व त्यति आवश्यक पर्दैन।

सुत्केरी अवस्थामा गर्भवती अवस्थामा भन्दा कम लौहतत्व भए पुग्ने हुन्छ। प्राय प्रशस्त स्तनपान गराउन्जेलसम्म केही महिना महिनावारी नहुने र महिनावारी सुरु भएपछि भने थप लौहतत्व आवश्यक पर्ने हुन्छ। भिटामिन ए, बी, सी, फोलिक एसिडका हकमा भने थप आवश्यक पर्दछ।

यसप्रकार आमाको खानाले उनको शरीरबाट उत्पन्न हुने दुधको गुण र परिमाणमा प्रभाव पार्छ। त्यसैले यस अवस्थामा सकेसम्म उचित भोजनको व्यवस्था गर्नुपर्ने हुन्छ। हुन त कमजोर आर्थिक अवस्था भएको र उचित भोजन प्राप्त गर्न नसकेको अवस्थामा पनि महिलाले आफ्नो बच्चालाई स्तनपान गराउन सक्छिन्। यस्तो स्थितिमा आमाको शरीरका कोषहरूमा जम्मा भएका तत्वहरू प्रयोग भई दूध बन्ने भएकाले आमाले आफ्नो शिशुलाई स्तनपान गराउन त सक्छिन्।

तर उनको शरीरमा बिस्तारै पौष्टिक तत्वको अभावबाट स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ। यस्तो स्थितिमा प्राप्त भएको आमाको दुधको आयतन कम हुने तथा परिमाणमा समेत कम हुन सक्छ। शक्तिभन्दा पनि भिटामिन बी, सी, थायमिनको परिमाणलाई आमाको खानाले बढी प्रभाव पार्छ। यदि आमाको खानामा उल्लिखित भिटामिनको कमी छ भने शिशुमा यी तत्वको अभाव हुने धेरै सम्भावना हुन्छ। यसैगरी जिंक र आयोडिनको अभाव छ भने पनि शिशुले पर्याप्त यी खनिज तत्व प्राप्त गर्न नसकी वृद्धि विकासमा असर पर्ने हुन्छ।

शिशुको सर्वाङ्ग विकासका लागि चहिने सम्पूर्ण तत्वहरू आमाको दुधमा प्राप्त हुन्छ। यसले आमाको स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्ने हुन्छ। जस्तै स्तनपान गराउँदा आमाको शरीरबाट निस्कने एक प्रकारको हार्मोन अक्सिटोक्सिनले पाठेघरको मांसपेशी खुम्च्याउने, चाँडो रक्तस्राव रोक्ने, पहिलेको शारीरिक बनाबट र तौल कायम गर्ने, आमा र शिशुबीच बलियो भावनात्मक सम्बन्ध कायम राख्न मद्दत पुर्याउने हुन्छ। त्यसैले गर्भवती अवस्थामा समेत आमाको दैनिक भोजनको उचित व्यवस्था गर्नुपर्छ। यसबाहेक घर परिवारबाट पूर्ण सहयोगका साथै उचित वातावरण उपलब्ध गराउन सकेमा अवश्य पनि सफलताका आफ्नो शिशुलाई स्तनपान गराउन सक्छिन्।

# मुग्लिन-नारायणगढ सडक विस्तार हुँदै

काठमाडौं। नारायणगढ-मुग्लिन सडक विस्तार नसकिएकाले थप एक महिना दिउँसोको समयमा सवारीसाधन रोकेर निर्माण गरिने भएको छ। यस खण्डमा हाल पुल निर्माणका लागि भित्तो काटिँदै आइएको थियो।

गत ५ पुसबाट ३० दिनका लागि बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म सवारीसाधन रोकेर काम गरिँदै आएको थियो। ५ माघबाट भने दिउँसो १२ बजेदेखि ४ बजेसम्म थप ३० दिन बन्द गर्न लागिएको छ।

१० चैत ०७६ मा ३३ महिनाभित्र सम्पन्न गर्ने गरी एक अर्ब २५ करोड रुपैयाँमा ठेक्का दिइएको थियो। सम्झौताको भोलिपल्टबाट कोभिड देखिएकाले काममा अवरोध पुगेको ठेकेदार कम्पनी अनक कन्ट्रक्सनले बताउँदै आएको छ। पहिलो सम्झौता अनुसार ९ पुसमा सम्झौताअवधि सकिएको छ। निर्माण कम्पनीले थप एक वर्षको समय माग गरेको छ।

यो सडकको चौडाई ९ देखि ११ मिटरसम्म रहेकामा पुल साँघुरो भएपछि अहिले नयाँ निर्माण गरिएका पुल ११ मिटर फराकिला बनाइएको छ।

# छहारी क्लबलाई उपाधि



काठमाडौं। गोकर्णेश्वर युवा तथा खेलकुद विकास समितिको आयोजना तथा ऊर्जावान युवा क्लबको संयोजकत्वमा गोकर्णेश्वर मेयर कप नगर स्तरीय खेल खेलाउँदा छहारी युवा क्लबले उर्जावान युवा क्लवलाई १ गोलका विरुद्ध ४ गोलले पराजित गरेको थियो।

आयोजक संस्थाका अनुसार गोकर्णेश्वर नगरपालिकाभरिका संघसंस्थाबीच एक आपसमा भाइचारा बढाउने र सहभागीहरूलाई सृजनशील बनाउने उद्देश्य राखी संचालन गरिएको उक्त प्रतियोगितामा सहभागी प्रथम हुने टिमलाई छहारी युवा क्लवलाई नगद २५०० /- र रनिङ्ग सिल्डका साथै दोस्रो हुने टिम उर्जावान युवा क्लवलाई नगद १५०० /- सिल्ड, ट्रफी तथा मेडलका साथै बेस्ट प्लेयरसहित प्रत्येक खेलमा राम्रो खेल प्रदर्शन गर्ने खेलाडीलाई म्यान अफ दि म्याचको घोषणा गरेर ट्रफीहरू पनि प्रदान गरिएको थियो।

प्रतियोगिता गोकर्णेश्वर नगरपालिका वडा नं ८ बेशीगाउँमा रहेको गोकर्णेश्वर फुटसल तथा फिटनेस क्लवमा सम्पन्न भएको थियो। प्रतियोगिताका बिजेता उपबिजेतासहित प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीका साथै रेफ्रीहरूसहित सो प्रतियोगितामा सहभागिताका आधारमा सहयोग गर्ने सबैजनालाई गोकर्णेश्वर नगरपालिकाका मेयर दिपक रिसालले सिल्ड, ट्रफी, पदक र प्रमाणपत्रका साथै मायाको चिनोसमेत प्रदान गर्नुभएको थियो।

रनिङ्ग सिल्ड फुटसल प्रतियोगिता सफलतापूर्वक हालै सम्पन्न भएको छ।

गोकर्णेश्वर नगरपालिका वडा नं ८ मा अवस्थित गोकर्णेश्वर फुटसल तथा फिटनेस क्लबको हलमा संचालन भएको उक्त प्रतियोगितामा गोकर्णेश्वर नगरपालिकाभित्र रहेका २१ वटा क्लबहरू सहभागी भएर नकाउट खेलको आधारमा सहभागी टिमलाई प्रतिस्पर्धा गराइएको थियो। उक्त प्रतियोगितामा जोरपाटी फुटसल एकेडेमी र छहारी युवा क्लब तथा ऊर्जावान युवा क्लब र गोकर्णेश्वर फुटसल तथा फिटनेस सेन्टर सेमिफाइनलमा पुगेपछि उक्त चारवटै टिमलाई सोही दिन नै सेमीफाइनल खेल खेलाउँदा निकै प्रतिस्पर्धात्मक खेलमा छहारी युवा क्लबका साथै उर्जावान क्लब फाइनलमा पुगेका थिए। सोही दिन नै उक्त दुई टिमलाई फाइनल

# स्रष्टाहरुलाई रारा राष्ट्रिय म्युजिक अवार्ड

काठमाडौं। सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यमा राजधानीको सभागृहमा समुदघाटन गरिएको रारा राष्ट्रिय म्युजिक अवार्ड-२०७९ भव्यताको साथ सम्पन्न भएको छ। समारोहमा नेपाली गीत संगीतमा विशिष्ट योगदान पुर्‍याएका स्रष्टाहरूलाई सम्मानित गरिएको थियो।



विशिष्ट सङ्गीतकार/गायक शम्भुजीत बास्कोटा, मौलिक देउडाका अग्रज गायक/सङ्गीतकार संस्कृतिविद् नन्दकृष्ण जोशी, वरिष्ठ समाजसेवी ज्ञानेन्द्र श्रेष्ठ म्युजिक अवार्डबाट सम्मानित हुनुभएको छ। कर्णाली कलाकार समाज तथा कनका सुन्दरी फिल्मस् प्रा.लि.द्वारा आयोजित उक्त कार्यक्रममा विविध मौलिक प्रस्तुतिहरूको साथै गीत सङ्गीतका ४७ विधाका विजेताहरूलाई अवार्ड प्रदान गरिएको अवार्ड कार्यक्रमका अध्यक्ष पदम रोकायले जानकारी गराउनुभयो।

कार्यक्रममा सम्बोधन गर्दै प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले मौलिक कला संस्कृति र कलाकारहरूप्रति सधैं सम्मान तथा सहयोग रहने बताउनुका साथै कार्यक्रम आयोजकलाई विशेष धन्यवाद दिनुभएको थियो।

# यसरी भएको थियो, इन्दिरा गान्धीको हत्या



विष्णु भट्टराई

इन्दिरा गान्धी जब एउटा अकबर सडकलाई जोड्ने विकेट गेटमा पुगेकी थिइन् र धवनसँग कुरा गर्दै थिइन्। धवन उनलाई बताउँदै थिए कि उनको निर्देशनमा यमन यात्रामा गएका राष्ट्रपति ज्ञानी जैल सिंहलाई सन्देश पठाइएको छ कि उनी सात बजेसम्ममा दिल्ली फर्किएर आइपुग्ने छन्। उनी आइपुगेपछि इन्दिराले ब्रिटेनकी राजकुमारी एनको सम्मानमा गरिने रात्रि भोजमा उनी पनि सहभागी बनून्।

भुवनेश्वरसँग इन्दिरा गान्धीका धेरै सम्बन्ध जोडिएका थिए। तर, उनीसँग जोडिएका धेरैजसो सम्बन्ध भने सुखद थिएनन्। उक्त सहरमा उनका पिता जवाहरलाल नेहरू पहिलोपटक गम्भीर बिरामी भएका थिए। जसका कारणले मे १९८४ मा उनको मृत्यु भयो र त्यही सहरमा १९६७ मा भएको चुनावी प्रचारका क्रममा ढुंगा प्रहार गरिएको थियो। त्यस बखत ढुंगाले लागेर उनको नाकको हड्डी भाँचिएको थियो।

३० अक्टोबर १९८४ को मध्याह्नमा इन्दिरा गान्धीले गरेको चुनावी भाषण सधैँ झैँ उनको प्रेस सल्लाहकार एचवाइ सारखा प्रसादले गरेका थिए। तर, अचानक उनले तयार गरेको लिखित भाषणभन्दा फरक मन्तव्य दिन थालिन् उनले। उनले बोल्ने शैलीसमेत फेरेकी थिइन।

इन्दिरा गान्धीले भनिन्, 'म आज यहाँ छु, सायद भोलि यहाँ रहन्न होला मलाई त्यसको चिन्ता छैन। म रहूँ वा न रहूँ मेरो लामो जीवन छ र मलाई यस कुरामा गर्व छ कि मैले आफ्नो पूरा जीवन चपाइरहेकाहरूको सेवामा बिताएँ। म आफ्नो अन्तिम साससम्म यसैगरी जनताको सेवामा रहनेछु। म मर्दा पनि मेरो रगतको हरेक थोपा भारतलाई बलियो बनाउने काममा लाग्नेछ।'


कहिलेकाहीँ मान्छेको भाग्य शब्दमा पोखिन्छ र त्यसले आउने दिनको संकेत गर्छ भन्छन्। सभालाई सम्बोधन गरेपछि उनी राजभवन फर्किएकी थिइन्। उनलाई राजपाल विश्वम्भर पाण्डेले भने, 'तपाईंले हिंस्रक मृत्युको शंकामा मलाई तर्साएर राख्नुभएको छ।' इन्दिरा गान्धीले जवाफमा भनिन्, 'म इमानदारी पूर्वक यर्थात् भनिरहेको छु।'


त्यस रात इन्दिरा दिल्ली फर्किइन्। उनी त्यो दिन निकै थाकेकी थिइन्। जसका कारण राती उनलाई राम्रोसँग निद्रा परेन। उनीसँगै रहेको कोठामा सुतेकी सोनिया गान्धी बिहान चार बजे आफ्नो नियमित औषधि खान शौचालय जाँदै गर्दा उनले इन्दिरा जागै बसेको देखिन। सोनियाले आफ्नो किताब 'राजीव' मा लेखेकी छन् कि सोनियाको पछिपछि इन्दिरा पनि शौचालय आइन र औषधि खोज्नका लागि उनलाई सहयोग गरेकी थिइन्। उनले सोनियालाई भनेकी थिइन, 'यदि, तिम्रो स्वास्थ्य फेरि बिग्रियो भने मलाई बोलाउनु म निदाएकी हुने छैन।'

बिहान साढे सात बजेसम्ममा इन्दिरा गान्धी तयार भइसकेकी थिइन्। त्यस दिन उनले पहेँलो (बेसार) रंगको साडी लगाएकी थिएन, जसको बोडर कालो थियो। त्यस दिन उनको पहिलो भेट्ने समय पिटर उस्तिनोबसँग थियो। जो इन्दिरा गान्धीको जीवनमा आधारित डकुमेन्ट्री बनाउँदै थिए। त्यसका लागि एक दिनअघि उडिसा यात्राको क्रममा उनको केही दृश्य लिइएको थियो।

त्यसै दिन दिउँसो उनले ब्रिटेनका पूर्व-प्रधानमन्त्री जेम्स कैलेघन र मिजोरकका एक नेतासँग भेट गर्नु थियो। साँझ उनी ब्रिटेनका राजकुमार ऐनलाई रात्रि भोज दिने कार्यक्रम थियो। त्यस दिन बिहानको खाजामा दुइवटा पाउरोटी (टोस्ट) अन्डा र ताजा जुस लिएकी थिइन्। खाजा खाएर मेकअप गर्ने मान्छे जब अनुहारमा पाउडर लगाउँदै थियो। त्यति नै बेला डाक्टर केपी माथुर त्यहाँ पुगे। उनीहरू हरेक दिन त्यसै समयमा उनको स्वास्थ्य अवस्था बुझ्न त्यहाँ पुग्ने गर्थे।


उनले डाक्टर माथुरलाई पनि भित्र बोलाएर दुई जना गफ गर्न थाले। उनले अमेरिकी राष्ट्रपति डोनल्ड रिगनले आवश्यकताभन्दा बढी सिंगार गरेको र ८० वर्षको उमेरमा पनि कपाल कालै रहेको भन्दै ठट्टा पनि गरिन्।





धवन उनलाई बताउँदै थिए कि उनको निर्देशनमा यमन यात्रामा गएका राष्ट्रपति ज्ञानी जैल सिंहलाई सन्देश





नौ बजेर १० मिनटमा इन्दिरा गान्धी घरबाट बाहिर निस्केकी थिइन्। बाहिर निकै गर्मी थियो। बाहिरको गर्मीबाट बचाउनका लागि सिपाही नारायण सिंह कालो छाता लिएर उनको साथमा हिडेका थिए। उनीभन्दा केही पाइलापछि थिए आरके धवन र उनका पछि थिए इन्दिरा गान्धीका निजी सेवक नाथुराम र सबैभन्दा पछि थिए उनका निजी सुरक्षा अधिकारी सहायक इन्सपेक्टर दयाल। यसै बीचमा एक कर्मचारी चियाको एक सेट लिएर नजिकबाट गए। उक्त चिया उस्तिनोबलाई दिनका लागि ल्याइएको थियो। इन्दिराले उनलाई भनिन्, उस्तिनोबका लागि अर्कै चिया ल्याऊ।

इन्दिरा गान्धी जब एउटा अकबर सडकलाई जोड्ने विकेट गेटमा पुगेकी थिइन् र धवनसँग कुरा गर्दै थिइन्। पठाइएको छ कि उनी सात बजेसम्ममा दिल्ली फर्किएर आइपुग्ने छन्। उनी आइपुगेपछि इन्दिराले ब्रिटेनकी राजकुमारी एनको सम्मानमा गरिने रात्रि भोजमा उनी पनि सहभागी बनून्।

त्यति नै वेला अचानक त्यहाँ तैनाथ सुरक्षाकर्मी बेअंत सिंहले आफूसँग भएको पेस्तोल निकालेर इन्दिरा गान्धीलाई हाने। सिंहले हालेको गोली इन्दिराको पेटमा लाग्यो। इन्दिराले मुख बचाउनका लागि आफ्नो दाहिने हात उठाइन् तर, बेअंतले निसाना मिलाएर अरू दुई फायर गरे। उक्त गोली उनको छाती र कम्मरभित्र छिर्यो।

घटनास्थलबाट पाँच फुटको दूरीमा सतवंत सिंह आफ्नो साथमा भएको हतियार उनले चलाएनन्। इन्दिरा गान्धीलाई ढलेको देखेर उनी हलचल नगरीकन उभिरहे। तर, बेअंतले सिंहलाई कराउँदै भने गोली चला सतवंतले उनको आदेश आउने बित्तिकै आफूसँग रहेको हतियारको २५औँ गोली इन्दिराको शरीरमा प्रहार गरे। बेअंत सिंहको पहिलो प्रहार भएको २५ सेकेन्ड हुँदासम्म त्यहाँ तैनाथ सुरक्षा कर्मीको तर्फबाट कुनै प्रतिक्रिया आएको थिएन।

सतवंतले फायर गर्दै थिए। सबैभन्दा पछि रहेका रामेश्वर दयाल अगाडि भाग्न थाले। तर, इन्दिरा गान्धीको नजिकै पुग्न लागेका उनलाई सतवंतले चलाएको गाली तिघ्रामा लाग्यो र उनी पनि ढले। इन्दिरा गान्धीका सहायकले उनको क्षत विक्षत शरीर देखेर कराउन लागे। अकबर सडकबाट एक प्रहरी अधिकारी आए के को हल्लाखल्ला हुँदै छ भनेर।

इन्दिरालाई ढाले पछि बेअंत र सतवंत सिंहले आफ्नो हतियार भुँइमा फ्याँक्दै भने, 'हामीलाई जे गर्नु थियो गर्‍यौ, अब तिमीहरूलाई जे गर्नु छ गर।' त्यसपछि नारायण सिंहले अगाडि बडेर बेअंत सिंहलाई भुँइमा पछारे। सँगै रहेको सुरक्षा कर्मी बस्ने कोठाबाट प्रहरी जवान आएर सतवंत सिंहलाई पनि आफ्नो कब्जामा लिए।

त्यहाँ हरेक समय एउटा एम्बुलेन्स राखिएको हुन्थ्यो। तर, त्यस दिन एम्बुलेन्सका चालक थिएनन्। त्यसपछि इन्दिराका राजनीतिक सल्लाहकार माखनलाल फोतेदारले कराउँदै कार निकाल्न भने। इन्दिरालाई जमिनबाट आरके धवन र सुरक्षाकर्मी दिनेश भट्टले सेतो एम्बेसडर कारको पछाडिको सिटमा राखे।

कारको अगिल्लो सिटमा धवन, फतेदार र चालक बसेका थिए। कार चल्न लागेको थियो, सोनिया गान्धी खाली खुट्टा गाउनमा मम्मी/मम्मी भन्दै कराउँदै कारतर्फ आउँदै थिइन्। इन्दिराको अवस्था देखेर उनी त्यही अवस्थामा कारको पछाडिको सिटम बसिन्। उनले रगतले भिजेको इन्दिराको टाउको आफ्नो काखमा राखेकी थिइन्।

कार तीव्र गतिमा अस्पतालतर्फ गुड्दै थियो। चार किलोमिटरको दूरीमा कोही कसैसँग केही बोल्न सकिरहेका थिएनन्। सोनियाको गाउन इन्दिराको रगतले भिजिसकेको थियो। कार नौ बजेर ३२ मिनेटमा एम्स अस्पताल पुग्यो। त्यहाँ इन्दिराको रगत गुरुप ओआरएच निगेटिभको पर्याप्त स्टक थियो।

तर, सफदरजंग रोडबाट कुनै व्यक्तिले एम्स अस्पतालमा फोन गरेर भनेका रहेछन् कि 'इन्दिरा गान्धीलाई गम्भीर रूपमा घाइते भएको अवस्थामा त्यहाँ ल्याइँदै छ।' इमरजेन्सीको ढोका खोल्न र इन्दिरालाई कारबाट उतार्न तीन मिनेट लाग्यो। त्यहाँ एउटा स्ट्रेचरसमेत थिएन।

उनको शरीरलाई हार्ट एन्ड लंग मेसिनमा जोडिदिए, जसले उनको रगतलाई सफा गर्न थाल्यो। त्यसपछि उनको रगतको तापक्रम सामान्य ३७ डिग्रीबाट घटेर ३१ डिग्रीमा पुग्यो

बल्ल बल्ल एउटा परानो स्ट्रेचरको व्यवस्था गरियो। उनलाई भित्र लाँदै गर्दा उनको अवस्था देखेर त्यहाँ रहेका डाक्टरहरूसमेत आत्तिएका थिए। उनीहरूले तुरुन्तै फोन गरेर एम्स अस्पतालका वरिष्ठ 'कार्डियोलोजिस्ट' लाई घटनाका बारेमा सूचना दिए। सूचना पाएको एक मिनटमा डाक्टर गुरेरिया, डाक्टर एमएम कपुर र डाक्टर एस बालाराम आइपुगे।

एलेक्ट्रोकार्डियोग्रामले इन्दिराको मुटुको सामान्य अवस्था देखाएको थियो। तर, नाडीमा भने कुनै पनि धड्कन थिएन। उनको आँखाको रंग फैलिँदै थियो। त्यसको संकेत हुन्थ्यो उनको मष्तिस्कमा क्षति पुगेको छ भन्ने।

एक डाक्टरले उनको मुखमा सास फेराउनका लागि एउटा नलीमार्फत टियुव छिराए उनको आस थियो, त्यसले उनको शरीरमा अक्सिजन जान सकोस् र मस्तिष्कलाई जागरुक बनाइ राखोस् भन्ने। इन्दिराको शारीरमा ८० बोलत रगत चढाइएको थियो। जुन उनको शरीरमा भएको सामान्य रगतभन्दा पाँच गुना बढी थियो

डाक्टर गुलेरिया भन्छन्, 'मलाई देख्ने बित्तिकै लागेको थियो, कि उनी यो संसार छोडेर गइसकिन् भन्ने, त्यसपछि हामीले त्यसलाई पुष्टि गर्नका लागि इसिजी गर्यौं। त्यसपछि त्यहाँ रहेका स्वास्थ्यमन्त्री शंकरनंदसँग सोधे कि अब के गर्नुछ ?' के हामी उनलाई मृत घोषित गरिदिऊँ ? उनले भने, 'हुँदैन त्यसपछि हामीले उनलाई अप्रेसन थिएटरमा लिएर गयौँ।

डाक्टरले उनको शरीरलाई हार्ट एन्ड लंग मेसिनमा जोडिदिए, जसले उनको रगतलाई सफा गर्न थाल्यो। त्यसपछि उनको रगतको तापक्रम सामान्य ३७ डिग्रीबाट घटेर ३१ डिग्रीमा पुग्यो।

प्रस्ट थियो कि इन्दिराले दुनियाँ छाडेर गइसकेकी थिइन्। तर, पनि एम्स अस्पतालको अप्रेसन थिएटरमा लगेर राखिएको थियो। डाक्टरहरूका अनुसार गोलिका कारण उनको कलेजोको दाहिने भाग छियाछिया भएको थियो। उनको शरीरमा करिब १२ गोलीले छेडेको थियो र सबै भागमा निकै क्षति पुगेको थियो।

आफ्नै अंगरक्षकले गोली चलाएको करिब चार घण्टापछि दुई बजेर २३ मिनेटपछि इन्दिरा गान्धीलाई मृत घोषित गरिएको थियो। तर, सरकारी समाचार संस्थाले भने त्यसको घोषणा साँझ ६ बजेसम्म गरेका थिएनन्। इन्दिरा गान्धीको जीवनी लेख्ने लेखक इन्द्र मल्होत्राका अनुसार खुफिया एजेन्सीले पहिला नै शंका गरेका थिए कि इन्दिरा गान्धीको कुनै पनि वेला हत्या हुनसक्छ। उनीहरूले आग्रह गरेका पनि थिए उनको निवासमा भएका सबै सुरक्षाकर्मीलाई हटाइयोस् र नयाँलाई राखियोस्।

तर, त्यसबारेको फाइल जतिवेला इन्दिरा गान्धीको हातमा पुग्दा उनी निकै रिसाएर तीन शब्द लेखेकी थिइन्। 'के हामी धर्म निरपेक्ष होइनौं ? त्यसपछि के निर्णय गरियो भने एकै साथमा दुई सिख सुरक्षाकर्मीलाई उनको नजिकको सुरक्षामा नलगाउने भन्ने।

३१ अक्टोबरका दिन सतवंत सिंहले पेट दुखेको बहना गरेरका थिए। उनको पेट खराब भएका कारण उनले शौचालयको नजिक डिउटी मागेका थिए। उनको बहानाका कारण बेअंत र सतवंतको डिउटीसँगै भएको थियो र उनीहरूले इन्दिरा गान्धीसँग अप्रेसन ब्लुस्टारको बदला लिए।

*(एजेन्सीहरूको सहयोगमा)*

## विश्वकै ठूलो यात्रुवाहक विमान निर्माण

काठमाडौं। सन् २००५ (जनवरी १८) मा फ्रान्सले विश्वकै ठूलो यात्रुवाहक विमान 'एयरबस ए-३८०' को प्रदर्शन गरेको थियो। 'सुपरजम्बो' नाम दिइएको विमान २००२ को जनवरीदेखि निर्माण सुरु गरिएको थियो। युरोपेली कम्पनीले बनाएको विमानले २००५ को अप्रिल २७ मा पहिलो उडान भरेको थियो। एयरबसमा जर्मन-फ्रेन्च र स्पेनी युरोपेली एरोनटिक डिफेन्स एनड स्पेस कम्पनी (ईएडीएस) को ८० प्रतिशत र बेलायतको बीएई सिस्टम्सको २० प्रतिशत हिस्सा छ। १९७० मा स्थापित कम्पनीको मुख्यालय नेदरल्यान्ड्सको लेइडेनमा छ। कम्पनीमा हाल १ लाख २६ हजारभन्दा बढी कर्मचारी छन्।

'एयरबस ए-३८०' ले सामान्यतया ५ सय ७५ यात्रु बोक्ने गर्छ। तर इकोनोमी क्लासका सिट भने ८ सय ५३ वटा राख्न सकिन्छ। करिब एक तिहाइ एयरबस ए ३८० विमान यूएईको कम्पनी इमरेट्सले चलाउने गर्छ। इमरेट्सले भने एउटा विमानमा ४ सय ८४ देखि ४ ८९ सिट राखेको छ। ती विमानमा इमरेट्सले स्पा, बार, सुइट्सलगायतका आरामदायी सेवा, सुविधाहरू थपेका कारण सिट संख्या घटाइएको हो।

फ्रान्स, जर्मनी, स्पेन र बेलायतमा निर्मित विमानका विभिन्न अंश फ्रान्सको टउलाउसमा लगेर जडान गरिएको हो। ६ लाख २८ हजार





३१७ सत्र पाउन्ड तौलको विमानले १२ लाख ६७ हजार ६ सय ५८ पाउन्ड तौल बोक्न सक्छ। विमानमा ८५ हजार ४ सय ७२ ग्यालन इन्धन क्षमता रहेको छ।

एयरबसले योभन्दा करिब एक सय जना बढी यात्रु बोक्ने 'ए ३८०-८००' जहाज निर्माण गर्ने योजना अघि सारेको थियो। तर कुनै पनि एयरलाइन्सबाट अर्डर नपाएपछि भने कम्पनीले उक्त योजना स्थगित गरेको एरोटाइमले जनाएको छ। हालसम्म कुनै पनि निर्माण कम्पनीले एयरबस ए ३८० भन्दा ठूलो विमान बनाउने घोषणा गरिसकेका छैनन्।

## 'भारतको ४०.५ प्रतिशत सम्पत्ति १ प्रतिशत धनीको स्वामित्वमा'

भारतको ४०.५ प्रतिशतभन्दा धेरै सम्पत्ति १ प्रतिशत धनीहरूको स्वामित्वमा रहेको एक तथ्य सार्वजनिक भएको छ। अक्सफार्मको एक प्रतिवेदनले सन् २०२१ मा भारतको झन्डै आधा सम्पत्ति १ प्रतिशत धनीहरूको स्वामित्वमा रहेको उल्लेख गरेको छ।

'सर्भाइभल अफ दि रिचेस्ट' नाम दिइएको उक्त प्रतिवेदन स्विजरल्यान्डको डाभोसमा भएको 'वर्ल्ड इकोनमिक फोरम'मा सार्वजनिक गरिएको थियो। प्रतिवेदनअनुसार सन् २०२० को तुलनामा सन् २०२२ मा भारतमा अर्बपतिको संख्या एक सय दुईबाट बढेर एक सय ६६ पुगेको छ। तर, गरिबहरू 'जीवन निर्वाहका लागि आवश्यक आधारभूत आवश्यकता पूरा गर्नसमेत असमर्थ' रहेको प्रतिवेदनमा उल्लेख छ।

सन् २०१२ देखि २०२१ सम्म भारतमा सिर्जना भएको ४० प्रतिशतभन्दा बढी सम्पत्ति जनसंख्याको एक प्रतिशतमा गएको प्रतिवेदनमा उल्लेख छ। जब कि सोही समयमा ५० प्रतिशत जनसंख्याको स्वामित्वमा कुल सम्पत्तिको तीन प्रतिशत मात्र रहेको छ।

सन् २०२२ मा भारतका सबैभन्दा धनी गौतम अडानीको सम्पत्ति ४६ प्रतिशतले वृद्धि भएको थियो। सो समयमा भारतका सय धनी व्यक्तिको संयुक्त सम्पत्ति ६ सय ६० बिलियन डलर हुन आउँछ। सन् २०२२ मा अडानी ब्लुमवर्गले सार्वजनिक गर्ने 'वेल्थ इन्डेक्स'को दोस्रो स्थानमा परेका छन्।

भारतमा सरकारले धनीको तुलनामा गरिब र मध्यम वर्गमाथि बढी कर लगाएको पनि प्रतिवेदनमा उल्लेख छ। 'देशको कुल वस्तु तथा सेवा कर (जिएसटी)को करिब ६४ प्रतिशत तल्लो जनसंख्याको ५० प्रतिशतबाट आएको छ, जब कि चार प्रतिशत मात्र माथिल्लो १० प्रतिशत धनीबाट आएको छ,' प्रतिवेदनमा भनिएको छ।

प्रतिवेदनले भारतमा सम्पत्ति बाँडफाँटमा रहेको ठूलो असमानतालाई उजागर गरेको छ। यो 'अश्लील' असमानतासँग जुध्न अति धनीहरूमाथि सम्पत्ति कर लगाउन अक्सफार्मले यहाँका वित्तमन्त्रीलाई सुझाव दिएको छ।

*बिबिसीबाट*

प्रेरक

## पुस्तकको चमत्कार

वर्नर कार्ल हाइजेनबर्ग १९ वर्षका छँदा विश्वविद्यालयमा पालेको काम गर्थे । आफ्नो काम सकाएर विश्वविद्यालयबाट फर्किंदै गर्दा एक दिन उनले कतैबाट प्रख्यात दार्शनिक प्लेटोको एउटा पुस्तक भेटे ।

पुस्तकमा प्लेटोले प्राचीन ग्रिसको परमाणुसम्बन्धी सिद्धान्तबारे आफ्नो विचार राखेका थिए । उनीभित्रको विलक्षण प्रतिभा पालेको जागिर खाने क्रममै प्रस्फुटित भइसकेको थियो ।

उनी विश्वविद्यालयको अध्ययन र चिन्तन प्रणालीबाट साह्रै प्रभावित थिए । प्लेटोको पुस्तकले उनीभित्रको त्यो प्यासलाई जगाइदियो । हाइजेनबर्ग प्लेटोको पुस्तकबाट कतिसम्म प्रभावित भए भने उनले त्यस विषयमा भेटेजतिका सबै पुस्तक पढ्न थाले । पालेको जागिरबाट समय निकालेर उनी पुस्तकालयमा समय व्यतीत गर्न थाले ।

त्यसपछि के थियो र, २३ वर्षको उमेरमा उनले आफ्नो बेजोड प्रतिभाको बलमा गोटिजेनमा प्रोफेसर मेक्स प्लंकको सहायकको पदमा नियुक्ति पाए । अर्को वर्ष उनी केपनहेगनको विश्वविद्यालयमा लेक्चरर भइसकेका थिए । ३१ वर्षको उमेरमा पुग्दानपुग्दै भौतिक विज्ञानको अनुसन्धानमा असाधारण योगदान पुऱ्याएबापत उनलाई नोबेल पुरस्कार कमिटीले सन् १९३२ मा क्वान्टम यान्त्रिकीको निर्माणका लागि नोबेल पुरस्कार दिने निर्णय गऱ्यो ।

यो पुरस्कार उनले सन् १९३३ मा लिए । उनले गरेको खोजले पछिका वैज्ञानिकलाई हाइड्रोजनको एलोट्रोपिकको स्वरूपको खोज गर्न निकै सहयोग पुग्यो । पुरस्कृत हुने वेला उनी जर्मनीको लिपजिङ विश्वविद्यालयमा अध्यापन र अनुसन्धान गर्थे । हाइजेनबर्गको जीवनमा आमूल परिवर्तन ल्याइदिने त्यही एउटा पुस्तक थियो । यसर्थ पुस्तकभन्दा असल दोस्रो साथी छैन ।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आकस्मिक समस्याले शरीरमा कमजोरी अनुभूति हुनेछ। चिताएको काम बिग्रनाले निराशा छाउनेछ। गोपनीयता बाहिरिनाले पनि समस्यामा परिनेछ। फजुल खर्च बढ्ने र आर्थिक क्रियाकलापमा बाधा पुग्ने देखिन्छ। बिग्रिएको काममा दोहोर्याएर प्रयत्न गर्नुहोला। शुभचिन्तकहरूको साथ जुट्नाले पछि फाइदा हुने काम भने प्रारम्भ गर्न सकिनेछ।

### वृष

खर्च लागे पनि घुमफिर तथा मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। अतिथिका रूपमा सत्कार पाइनेछ। साथीभाइको सहयोगले आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। व्यवसायको सन्दर्भमा यात्रा हुन सक्छ।

### मिथुन

अवसरका लागि केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। समयमा लगनशील बन्न नसक्ता प्रतिस्पर्धीहरूले फाइदा उठाउन सक्छन्। कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ। ईर्ष्या गर्नेहरूबाट सजग रहनुहोला। हिम्मत गर्दा अप्ठ्यारो स्थितिमा पनि काम सम्पादन हुनेछ। बुद्धिको उपयोगले उपलब्धि जोगाउन सफल भइनेछ।

### कर्कट

सुरुमा कामको मेसो नमिल्दा योजना अधुरै रहनेछ। मिहिनेतको नतिजा चित्तबुझ्दो नआउन सक्छ। चिताएको काम रोकिनाले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ। अस्वस्थताले पनि काममा बाधा पुर्याउन सक्छ। अप्रिय समाचारले मन खिन्न तुल्याउन सक्छ। पढाइलेखाइमा सोचेजस्तो प्रगति गर्न नसकिएला। हल्लाको पछि लाग्दा व्यर्थैमा दुःख पाइनेछ।

### सिंह

हिस्सेदारसँग असमझदारी बढ्नेछ। साइनो गाँसी नजिकिनेहरूले धोका दिनेछन्, सजग रहनुहोला। ढिलासुस्तीले हातमा आएको मौका गुम्न सक्छ। नयाँ काम थाल्न उपयुक्त साइत पर्खनुहोला। कमजोर नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला। अधुरा काममा पहिलेकै समस्या दोहोरिन सक्छन्। मिहिनेतले स्थितिमा सकारात्मक परिवर्तन ल्याउनेछ।

### कन्या

निर्णय लिएर पनि काम नगर्ने बानीले पछि परिनेछ। परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ। महत्वाकांक्षी काम रोकिन सक्छ। अरूको फाइदाका लागि उपयोग भइएला। दाजुभाइमा असमझदारी बढ्न सक्छ। आलस्य त्यागेर मिहिनेत गर्दा काम बन्नेछ। पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ। प्रतिस्पर्धीहरूबाट सावधान रहनुहोला।

### तुला

अर्थ उपार्जनका केही स्रोत फेला पर्नेछन्। तर समाजमा आफ्नो प्रभाव कमजोर बन्नेछ। अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा परिएला। अध्ययन र व्यापारमा सोचेजस्तो प्रगति नहुन सक्छ। नयाँ योजना कार्यान्वयन गर्न निकै मिहिनेत गर्नुपर्ला। तापनि, मौका पर्खंदा स्थितिमा सुधार आउनेछ। आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय छ, सजग रहनुहोला।

### वृश्चिक

महत्त्वाकांक्षी कार्य प्रारम्भ हुनेछ। रमाइलो जमघटमा सहभागी हुने अवसर जुट्नेछ। सुन्दर पहिरनले व्यक्तित्व आकर्षित तुल्याउन सकिनेछ। तर, बेसुरको अलमलले काम रोकिन सक्छ। खानपानको असावधानीले स्वास्थ्य बिग्रनेछ। अवसरले पछ्याए पनि समयमा निर्णय लिन नसक्दा पछि परिनेछ। शुभचिन्तकहरूको राय लिएर अघि बढ्नुहोला।

### धनु

समयमा होस नपुग्नाले खर्च बढ्नेछ। ठूलो प्रयत्नले सामान्य उपलब्धि दिलाउनेछ। तर खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला। शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दुःख पाइएला। परिवारजनबाट समेत टाढिनुपर्ला। प्रलोभन देखाउनेहरूले फसाउन सक्छन्। आफ्नै कमजोरीले विवाद निम्त्याउला। सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ।

### मकर

दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। श्रमको उच्च मूल्यांकन हुनाले आम्दानी पनि बढ्नेछ। व्यापारमा लाभांश बढ्नाले मन उत्साहित हुनेछ। आवश्यक भौतिक साधन जुट्नेछन्। लगानीका रूपमा सञ्चित धन उपयोग गर्दा लाभ हुनेछ। अध्ययनमा समय दिन नसकिए पनि नयाँ ज्ञान सिक्ने अवसर प्राप्त हुनेछ। प्रयत्न गर्दा मनग्य रकम हातलागी हुनेछ।

### कुम्भ

पारिवारिक मतभेदले चिताएका काममा बाधा पर्नेछ। आश्वासन बाँड्नेहरूले प्रतिज्ञा पूरा नगर्न सक्छन्। पहिलेका सहयोगीहरू पछि हट्न सक्छन्। परिस्थिति त्यति अनुकूल नरहला। अरूका लागि बुद्धि खर्चनुपर्नेछ। अरूका काममा समय बित्न सक्छ। तापनि गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ। पछि फाइदा हुने काम प्रारम्भ हुनेछ।

### मीन

तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। परिश्रमले धेरैको मन जित्न सकिनेछ। अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ। समुदायको हितमा राम्रै काम गर्न सकिनेछ। दिगो फाइदा हुने जिम्मेवारी प्राप्त हुने समय छ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। स्वास्थ्य भने कमजोर रहनेछ, सावधान रहनुहोला।

## डा. रुइतलाई १३ करोडको "इसा अवार्ड"



मानवीय सेवा तथा अन्धोपन निवारणमा उत्कृष्ट योगदान पुऱ्याएबापत वरिष्ठ आँखारोग विशेषज्ञ डा. सन्दुक रुइत १० लाख डलर (करिब १३ करोड रुपैयाँ) राशिको प्रतिष्ठित 'इसा अवार्ड'बाट सम्मानित हुने भएका छन्। 'इसा अवार्ड फर सर्भिस टु ह्युमानिटी' नामक संस्थाले मंगलबार रुइतको नाम छनोट गरेर अवार्ड दिने घोषणा गरेको हो।

'जिन्दगीभर एकोहोरो काम गर्दा फल पाइँदोरहेछ। यसअघि ५-६ वटा अवार्ड पाएको छु, तर मैले जिन्दगीमा अहिलेसम्म पाएको सबैभन्दा ठूलो अवार्ड यही हो। एकाग्र काममा लागिरहँदा कसै न कसैले हेरेको हुँदोरहेछ। यसले तिलगंगा आँखा प्रतिष्ठान र नेपालको प्रतिष्ठा बढाएको छ। यो सम्मानले तिलगंगा आँखा प्रतिष्ठान र नेपालकै प्रतिष्ठा बढाएको छ ।' डा.रुइतले खुसी व्यक्त गरे ।

बहराइनका पूर्वराजा सेख इसा बिन सलमान अल खालिफाको नाममा सन् २००९ मा स्थापना गरिएको इसा अवार्ड सन् २०१३ देखि प्रदान गर्न सुरु भएको थियो। संसारमा उत्कृष्ट मानव सेवा गर्ने र मानव जीवन रक्षाका लागि लड्नेलाई यो अवार्ड हरेक दुई वर्षमा प्रदान गरिन्छ।

हजारौँ मानिसको गुमेको आँखाको ज्योति फर्काएका डा. रुइत तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक हुन्। नेपालबाट यो अवार्ड प्राप्त गर्ने उनी नै पहिलो व्यक्ति बन्नेछन्। पाँचौँ संस्करणअन्तर्गत रुइतलाई आगामी फेब्रुअरीमा अवार्डसहित गोल्ड मेडल र प्रमाणपत्र प्रदान गरिनेछ।

'इसा अवार्ड फर सर्भिस टु ह्युमानिटी'ले मंगलबार अवार्ड घोषणा गर्दै अन्धोपन निवारणका लागि डा. रुइतको प्रभावकारी भूमिका रहेको बताएको छ। मानवीय कल्याणका लागि लामो समयदेखि काम गरेकाले रुइतलाई नै अवार्ड दिन लागिएको संस्थाले जनाएको छ।

इसा अवार्डमा भाग लिन एक सय ३९ व्यक्ति र विभिन्न संघसंस्था छनोटमा परेका थिए। छनोट समितिले सर्टलिस्टमा ६ व्यक्ति/संस्थालाई छनोट गरेको थियो। जसमा डा. रुइतसँगै बंगलादेशको फ्रेन्डसिप एनजिओ, अमेरिकास्थित मर्सी सिप, गरिबको हितमा सक्रिय कोलम्बियाली क्यामिलो जोस हेरेया, वातावरण संरक्षणमा क्रियाशील केन्याकी न्जाम्बी माटी र स्विट्जरल्यान्डको जेनेभास्थित विश्व स्वास्थ्य संगठन फाउन्डेसनको नाम छनोट भएको थियो।

समितिले सबैमध्येबाट अध्ययन-अनुसन्धान गरेर डा. रुइतलाई अवार्ड दिने निर्णय गरेको हो। यसअघि रुइतले सन् २००६ मा मलेसियाको रोमन म्याग्सेसे अवार्ड, सन् २००७ मा अर्डर अफ अस्ट्रेलिया र सन् २०१८ मा पद्मश्री अवार्ड (भारत सरकारले दिने), फिलिपिन्स क्यासिसीलगायत अवार्ड पाएका थिए।

## "चलचित्रकर्मी कल्याण कोष" लाई झाको सहयोग



नेपाली चलचित्रकर्मीको हितका लागि स्थापित 'चलचित्रकर्मी कल्याण कोष'मा गायिका दीपानारायण झाले सहयोग गरेकी छिन्। सांगीतिक कार्यक्रमको क्रममा नेपाल आएकी झाले आफूसँगै श्रीमान् गायक उदीतनारायण झासहितको सहयोग भन्दै कोषमा पाँच लाख एक सय ११ सहयोग गरेकी छिन्।

'गीत-संगीतमार्फत म र मेरा श्रीमानले धेरै माया र साथ पाएका छौँ। नेपाली चलचित्रकर्मीको हितमा स्थापना गरिएको कोषमा केही सहयोग गर्न पाउँदा खुसी लागेको छ,' गायिका झाले भनिन्।' अभिनेता तथा निर्माता दीपकराज गिरी र अभिनेत्री तथा निर्देशक दीपाश्री निरौलाले जनही एक लाख एक सय ११, अभिनेत्री स्वस्तिमा खड्का र कलाकार तथा निर्माता निर्मल शर्माले जनही ५१ हजार एक सय ११ र चलचित्रकर्मी महिला सशक्तीकरण समितिका संयोजक गीता नेपालले ११ हजार एक सय ११ कोषमा सहयोग प्रदान गरेका छन्।

कोषका संयोजक वसुन्धरा भुसालले सहयोगीलाई धन्यवाद दिइन्। 'यो कोष स्थापना चलचित्रकर्मीकै लागि गरिएको हो। कोषमा पाँच करोड जम्मा भइसकेको छ। हाम्रो लक्ष्य १० करोडको छ,' उनले भनिन्। नेपाली चलचित्र क्षेत्रमा निरन्तर रूपमा कार्यरत चलचित्रकर्मी गम्भीर बिरामी भएको अवस्था, दुर्घटनामा परी उपचाररत अवस्था, आर्थिक रूपले विपन्न एवं असहाय भएको अवस्थामा सहयोग गर्ने उद्देश्यले २२ वर्षअघि कोष स्थापना गरिएको हो। चाबहिलस्थित चलचित्र विकास बोर्डमा एक कार्यक्रमको आयोजना गरी सहयोग रकम प्रदान गर्नेलाई कदरपत्र प्रदान गरिएको थियो। कार्यक्रममा बोर्ड अध्यक्ष भुवन केसीसँगै शम्भुजित बाँस्कोटा, कृष्ण मल्ल र राजकुमार राई, रवीन्द्र खड्का र मोहन निरौला, पुष्कर लामा, राज कटुवाल र प्रकाश भट्टराई, फिल्म निर्देशक माधवराज खरेलगायतको उपस्थिति रहेको थियो।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Tycoon = धनी In Nepal there are no prominent tycoon rather corrupt politicians नेपालमा धनी नेता नभई भ्रष्टाचारी नेताहरू मात्रै छन्।

Unwarranted = आधारहीन, विनसित्तीको An unwarranted rage might prove self destructive विनसित्तीको क्रोध आफ्नै लागि घातक हुन सक्छ।

Voracious = तृप्त नहुने The wolf is a voracious animal ब्वाँसो कहिले तृप्त नहुने प्राणी हो।

Warren = खरायो लुक्ने दुलो The lane of Rome considered to be a warren where everyone gets lost रोमको गल्ली खरायोको दुलो जस्तो छ पस्यो कि निस्कन गाह्रो हुन्छ।

Analogous = तुलनायोग्य The present political situation of Nepal is not anlalogous with that after the establishment of democracy in 1951 नेपालको वर्तमान राजनीतिक अवस्था २००७ सालको सँग तुलनायोग्य छैन।

Buffet = क्षतविक्षत हुने गरी चुट्नु The early rain before the monsoon buffeted the flowers मनसुन पूर्वको वर्षाले फूलहरूलाई क्षतविक्षत हुने गरी चुट्यो।

Concillatory = सहमतिमा आउने His anger did not cool down despite his concillatory words सहमतिमा आउने किसिमको उसको अभिव्यक्ति भए तापनि उसको क्रोध भने शान्त भएको थिएन।

Discordant = नमिल्दो They do not agree with each other because they have discordant views विपरीत दृष्टिकोण भएको कारण तिनीहरू एकअर्कासँग सहमत हुँदैनन्।

Euphemism = नघोच्ने खालको सन्तुलित अभिव्यक्ति The expression " he passed away " is an euphemism for " he died" ऊ मऱ्यो भन्नु भन्दा ऊ स्वर्गवासी भए भन्नु नघोच्ने खालको सन्तुलित अभिव्यक्ति हो।

Furtive = गोप्य वा कसैले थाहा नपाउने Having noticed the furtive glance of fellow friends, she covered her breast with shawl साथीहरूले थाहा नपाउने गरी हेरेको महसुस गरी उनले आफ्नो छाती खास्टोले छोपिन्।

## Catch बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Catch something in = च्याप्नु Dogs prefer catching bones in the mouth कुकुरहरू हाड मुखमा च्याप्न मनराउँछन्।

Catch somebody out = बाहिऱ्याउनु No batsman likes to be catched out already in the begenning कुनै पनि ब्याटम्यान सुरुमै बाहिरिन मन गर्दैन।

Catch somebody = समात्नु Police did not catch him for lack of enough evidence पर्याप्त प्रमाण नपुग्दा प्रहरीले उसलाई समातेन।

Catch somebody by throat = कसैको घाँटी समात्नु She caught him while stealing money पैसा चोर्दाचोर्दै तिनले उसको घाँटी समातिन

Catch something from = बाट केही समात्नु You must catch a bus from here to Krtipur कीर्तिपुर जाने बस तिमीले यहाँबाट समात्नु पर्छ। Catch something on = अल्झनु He caught his foot on a root and stumbled रुखको जरामा खुट्टा अल्झेकोले गर्दा ऊ पछारियो।

Catch something = लाग्नु You may catch cold If you do not wear a sweater स्वेटर लगाउँदैनौ भने जाडो लाग्न सक्छ तिमीलाई।

Catch something = बुझ्नु I could not catch what you really meant तिमीले भनेको मैले बुझ्नै सकिन।

Catch something = लाग्नु These logs do not catch the fire as they are not dried नसुकेको कारण यी दाउरामा आगो लाग्दैन।

Catch something = दुरुस्तै निकाल्नु These artist catch everything perfectly यी कलाकारहरूले जे कुरा पनि दुरुस्तै निकाल्छन्।

### सुडोकु–अंक २८७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | | | | ५ | | | | १ |
| १ | | | | | | | ७ | २ |
| | | ३ | १ | ४ | | | | |
| | | ५ | २ | ३ | | ६ | | |
| | ९ | | | | | | ८ | |
| | | ६ | | ८ | ५ | ३ | | |
| | | | | २ | ३ | ५ | | |
| ५ | ४ | | | | | | | ३ |
| ६ | | | | ७ | | | | ४ |

### अंक २८६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ७ | ९ | ५ | १ | ३ | ४ | २ | ६ |
| १ | २ | ६ | ७ | ८ | ४ | ५ | ९ | ३ |
| ४ | ५ | ३ | २ | ६ | ९ | १ | ८ | ७ |
| ७ | १ | २ | ६ | ५ | ८ | ३ | ४ | ९ |
| ३ | ६ | ४ | ९ | २ | १ | ७ | ५ | ८ |
| ५ | ९ | ८ | ३ | ४ | ७ | ६ | १ | २ |
| २ | ३ | ७ | १ | ९ | ५ | ८ | ६ | ४ |
| ६ | ४ | ५ | ८ | ३ | २ | ९ | ७ | १ |
| ९ | ८ | १ | ४ | ७ | ६ | २ | ३ | ५ |


## लिंग छनौट गरी गर्भपतन गर्नु अपराध हो

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं ।
- प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो । त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन ।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरूत्साहित गरी चिकित्सा पेसालाई मर्यादित बनाऔं ।
- हिंसारहित समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# Soaring Korea and Its Factor

The Democratic People's Republic of Korea, a small country in the East, is increasing its might with each passing day.

As a world political power and a military power, it is rapidly developing its economy and advancing towards a socialist power.

**Excellent tradition overcomes all difficulties**

Korea's politics, economy, culture, military and all other spheres have a common tradition that is permeated with one another, a tradition created in the period of the anti-Japanese revolutionary struggle to win back the country lost to the Japanese imperialists.

Under the leadership of President Kim Il Sung (1912-1994), the Korean revolutionaries launched an anti-Japanese armed struggle with no state backing or assistance from a regular army. They wrested weapons from the enemy to arm themselves, and solved military uniforms, provisions and daily necessities by their own efforts.They also made powerful Yongil bombs with empty hands to fight against the Japanese imperialists.

Here is an example telling how arduousthe anti-Japanese revolutionary struggle was.

From early December 1938 to the end of March 1939, the Korean People's Revolutionary Army (KPRA) made an arduous march under the leadership of Kim Il Sung. At that time, the Japanese imperialists tried to annihilate the KPRA by mobilizing huge troops. The guerrillas had to make their way through waist-deep snow in the biting cold of 40 degrees below zero andmarch forward while fighting against the enemy several times and sometimes over 20 times a day. Their military uniforms had been worn out, their shoesripped out, and they ran out of food and salt. Extreme fatigue and diseases attacked the guerrillas. However, they braved all difficulties and thus became winners in the arduous march. Finally in August 1945, they liberated their country.

The spirit of self-reliance, fortitude and indomitable spirit created during the anti-Japanese revolutionary struggle has now become the tradition of the Korean people with which they carry forward generation after generation.

Sanctions and blockade of the hostile forces against the DPRK, world-sweeping health crisis, natural disasters and other ordeals and hardships facing the country at present are unprecedentedly harsh. But its people think that the current difficulties are nothing compared tothose inthe days of the anti-Japanese armed struggle, and that they can overcome all difficulties by their own efforts. They are now advancing vigorously, full of confidence and optimism.

**Unshakable faith, clear-cutline**

The DPRK has advanced forward with the Juche idea as its firm faith that man is the master of his destiny and he has the strength to carve out his own destiny. As it has maintained the Juche-oriented principle of dealing with and solving all problems in keeping with its actual conditions while firmly believing in the strength of its own people, the country could carry outin a unique way two social revolutions to suit its actual conditions, not on the basis of established theories, and build an independent national economy even in the face of pressure from the great-power chauvinists. In the difficult period of1990s, it strictly held fast to the socialist principles and opened a broad avenue for building a powerful country.

It is the unshakable faith of the DPRK to invariably advance along the road of Juche-oriented socialism. General Secretary Kim Jong Un of the Workers' Party of Korea, in his policy speech delivered at the 7th Session of the 14th Supreme People's Assembly of the DPRK in September 2022, stressed the need to build a socialist power on the strength of self-reliance.

Today the country is steadily laying a foundation for sustained development of the economy on the principle of self-reliance and self-development. Construction of an energy-saving oxygen blast furnace and establishment of a C1 chemical industry base go full steam ahead. Factories and enterprises are being updated with homemade CNC machines. Subway trains, buses and tramcars made by their own technology are running along the streets, and new-type tractors and other modern farm machines are running onfarm fields. In the present five-year plan period for the national economic development, efforts are made to readjust and reinforce the independent national economy to guarantee the sustained development of the economy.

**Single-hearted unity is the greatest might**

The single-hearted unity in which all the people are closely united behind the WPK and the leader is the might peculiar to the DPRK.

In May 2022, the epidemic prevention system of the state was switched over to the top-level emergency anti-epidemic system, and strict blockade and isolation measures were taken. At that time, the Korean people fought in unity and won the war against COVID-19. As the WPK has administered such people-oriented policies as supplying dairy products to children across the country at the state's expense and providing them with new school uniforms, satchels and school things and other people with even one more better thing under the difficult circumstances,the people could be united closely behind their leader.

The Korean people have absolutely supported the policies set forth by General Secretary Kim Jong Un and translated them intobrilliant reality. The DPRK has won a historic victory to completely put an end to the nuclear threat of the hostile forces in a matter of a few years asall its people have supported the policies of the WPK in single-minded unity. Nothing is greater than the strength of people with one aspiration. Thanks to this single-hearted unity, the DPRK advances vigorously towards a socialist power even in the face of challenges and difficulties.

**A great leader builds a powerful country**

The leadership of General Secretary Kim Jong Un is the most important factor which enables the DPRK to emerge as a powerful country.

In every period and at every stage of the state development, he has indicated the path ahead of his country and wisely led the Party and the people to this end. He, possessed of steadfast faith, matchless courage and grit, ensures that epoch-making victories have been brought about in succession to raise the strategic position of his country onto the highest level.

The international community is unanimously praising him as a strong leader as he is proudly administering independent diplomacy with big powers without making an inch of concession as regards the sovereignty of his country and the interests of his people.

Today, the DPRK, under his leadership, has drawn up not only the immediate development plan but mid- and long-term plans with an eye to 50 and 100 years, and is implementing them one by one. As he, who possesses outstanding wisdom of foreseeing the distant future, meticulous organizing ability and power of strenuous execution, leads his people, the DPRK is making a leap forward unperturbed by difficulties and ordeals.

It is as clear as noonday that the DPRK will emerge as a socialist power in the near future.


**Rural Mechanization in New Era Gaining Momentum**

In pursuance of the new programme for the rural revolution advanced by Kim Jong Un, General Secretary of the Workers' Party of Korea, the Democratic People's Republic of Korea made a big stride in 2022, heralding the start ofrural mechanization in the new era.

The country's munitions industry sector and machine-building sector manufactured 5 500 efficient farm machines and hundreds of combined rice stripper-threshers, respectively, andsupplied them to all the farms and workteams in South Hwanghae Province, the big agricultural province and the main granary of the country. The new farm machines included mobile combined rice stripper-threshers, small-size rice harvesters, combined maize stripper-threshers and combined soil preparation machines. They were designed in such a way as to be suited to the actual conditions of the country and simple to handle.

This is not all. The first-stage renovation project of the Kumsong Tractor Factory, a leading tractor production base of the DPRK, was completed, makingthe factory capable of mass-producing high-performance tractors and various other efficient farm machines and of propelling the development of automobile industry of the country.

In a word, 2022 can be called a year in which a bright prospect for vigorously speeding up the comprehensive mechanization of the rural economy of the country was made.



A group sculpture at the Samjiyon Grand Monument built by aspiration of the Korean people to firmly carry forward the traditions of the anti-Japanese armed struggle



Namhung Youth Chemical Complex, a large chemical base, seething with increased production



Homemade tractors



Public processiondemonstrating single-minded unity of the Korean peoplebehind the Workers' Party of Korea



Test-launch of new-type ICBM Hwasongpho-17



5 500 farm machines in fine array



Agricultural workers full of delight upon receiving the farm machines



Rows of the farm machines will cover 60 000square metres, or the areas equivalent to eight football grounds put together, a line of them will be as long as 20 kilometres and 3 000 trucks will be needed to carry them.



The first-stage modernization of the Kumsong Tractor Factory inaugurated in November



Part of renovated tractor production lines



Ceremony for conveying farm machines held in Haeju Square in South Hwanghae Province in late September



Some of assembled tractors

## विश्वकै...

गरिन् । उनले आफ्नो दीर्घायुको रहस्य 'भगवान्लाई मात्र थाहा भएको' जवाफ पत्रकारहरूलाई दिएकी थिइन् । रान्डनको नर्सिङ होमका प्रवक्ता डेभिड ताभेलाले मंगलबार सञ्चारकर्मीलाई उनको मृत्युको खबर सुनाएका थिए । 'यो निकै दुःखद खबर हो तर प्रिय भाइसँग सामेल हुने उनको चाहना थियो । उनको लागि यो एक मुक्ति हो,' ताभेलाले भने ।

सिस्टर एन्ड्रेले फ्रान्सका २७ राष्ट्र प्रमुख देखिन् । आफ्ना भाइहरूसित सिस्टर एन्ड्रेको निकै आत्मीय सम्बन्ध थियो । उनले एकपटक पत्रकारहरूलाई आफ्ना भाइहरूको पहिलो विश्वयुद्ध सकिएपछिको सुरक्षित फिर्ती आफ्ना लागि सबैभन्दा स्मरणीय रहेको बताएकी थिइन् । 'यो दुर्लभ थियो' उनले स्मरण गरेकी थिइन्, 'परिवारहरूमा सामान्यतया दुई जीवितभन्दा दुईजना मृत थिए ।' सन् २०२१ मा उनी कोभिड १९ बाट निको हुने विश्वकै सबैभन्दा वृद्ध व्यक्ति बनेकी थिइन् । सिस्टर एन्ड्रे प्रोटेस्टेन्ट परिवारमा जन्मिएकी थिइन् । तर, पछि उनी २६ वर्षको हुँदा औपचारिक रूपमा दीक्षा लिनुअघि क्याथोलिक धर्ममा दीक्षित भइन् ।

## प्रतिनिधिसभा...

विश्वप्रकाश शर्मा र समर्थकमा प्रकाश ज्वाला रहेका थिए ।

प्रतिनिधिसभा सदस्यमा झापा क्षेत्र नं.-२ बाट निर्वाचित घिमिरे सरल, इमानदार विवादरहित व्यक्ति मानिन्छन् । उनी झापा आन्दोलनसँगै जोडिएका राजनीतिक व्यक्तित्व हुन् । झापामा मदन भण्डारी फाउन्डेसनलाई विस्तार गर्न उनले महत्वपूर्ण भूमिका निर्वाह गरेकै कारण एमाले अध्यक्ष ओलीका विश्वासपात्रका रुपमा चिनिन्छन् । प्रायः लो प्रोफाइलमा बस्न रुचाउने घिमिरेले यसपटक सभामुखजस्तो गरिमामय पद सम्हाल्ने जिम्मेवारी बहन गरेका छन् । निर्वाचनमा उनले स्वतन्त्र उम्मेदवार अधिवक्ता स्वागत नेपाललाई पराजित गरेका थिए ।

प्रतिनिधिसभामा मत विभाजन प्रक्रियामार्फत् भएको चुनावमा घिमिरेको पक्षमा १६७ मत पऱ्यो । २७५ सदस्यीय प्रतिनिधिसभामा बिहीबार २६८ सांसद उपस्थित थिए । घिमिरेको विपक्षमा १०० मत पऱ्यो । पहिलो प्रस्तावमै घिमिरेको पक्षमा सभामुख निर्वाचित हुन आवश्यक न्यूनतम १ सय ३८ मत कटेकाले उनलाई ज्येष्ठ सदस्य पशुपति शमशेर राणाले निर्वाचित भएको घोषणा गरेका हुन् ।

सभामुखको पदका लागि एमालेका घिमिरे र कांग्रेस सांसद ईश्वरी न्यौपानेले उम्मेदवारी दिएका थिए । घिमिरेलाई सभाको बहुमत प्राप्त भएपछि न्यौपानेलाई सभामुख बनाइयोस् भन्ने प्रस्तावमा मतविभाजन गरिएन । नेमकिपाका प्रेम सुवालले घिमिरेको पक्ष र विपक्षमा मत नदिई तटस्थमा मतदान गरेका थिए । राष्ट्रपति विद्यादेवी भण्डारीबाट पद तथा गोपनीयताको शपथग्रहण गरेपछि घिमिरेले कार्यकाल सम्हाल्नेछन् ।

## कांग्रेसको...

केन्द्रले राष्ट्रपतिमा कांग्रेसलाई समर्थन गरे एमालेले आफ्नो राष्ट्रपति बनाउन सक्दैन । माओवादीले कांग्रेसलाई राष्ट्रपति बनाए पाँचै वर्ष सत्ताको नेतृत्व गर्ने अवसर पाउन सक्छ । त्यसो त अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूले समेत कांग्रेसलाई राष्ट्रपति बनाउन प्रधानमन्त्री प्रचण्डमाथि चर्को दबाब दिइरहेको अवस्था छ । कम्युनिस्टहरूप्रति अनुदार देखिने अमेरिका, भारत र पश्चिमा शक्तिकेन्द्रहरू राष्ट्रपति, प्रधानमन्त्री र सभामुख सबै कम्युनिस्ट नहुन भन्ने चाहन्छन् । भारत नागरिकता विधेयकमाथि चासो राखिरहेको छ भने अमेरिका एसपीपीको नाम नै बदलेर अर्को रुपमा नेपालमा सैनिक गतिविधि गर्ने उद्देश्यमा छ । उसले एमसीसीलाई कार्यान्वयन तहमा उतार्न सुरु गरिसकेको छ । उत्तरी ड्रागनलाई भने कम्युनिस्टहरूसँग सहकार्य गर्न सम्भवतः सहज हुन सक्छ ।

राष्ट्रपति निर्वाचन माघ २० भित्र गरिसक्नुपर्ने भए पनि निर्वाचन आयोगले तयारी थालेको छैन । निर्वाचन मिति तोकेर त्यसको जानकारी सरकारलाई दिन सक्ने कानुनी प्रावधान छ । तर मिति तोक्न छलफलसमेत गरेको छैन । राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनसम्बन्धी ऐनको दफा ४ को उपदफा १ अनुसार आयोगले राष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिनाअघि निर्वाचन हुने गरी मिति तोक्नुपर्ने हुन्छ । राष्ट्रपति विद्यादेवी भण्डारी २०७४ फागुन २९ मा निर्वाचित भएकी थिइन् । निर्वाचन भएकै मितिदेखि कार्यकाल सकिने भएकाले राष्ट्रपतिको पदावधि फागुन २८ मा सकिँदैछ । प्रतिनिधिसभाका २ सय ७५, राष्ट्रियसभाका ५९ र सातै प्रदेश सभाका ५५० सदस्यको मत भारबाट राष्ट्रपति चुनिने प्रावधान छ ।

प्रतिनिधिसभामा २७५ मध्ये कांग्रेसका टेकबहादुर गुरुङ भ्रष्टाचार मुद्दाका कारण निलम्बनमा छन् । राष्ट्रियसभाका लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व गर्ने एक सदस्यको पद रिक्त छ । प्रतिनिधिसभा र राष्ट्रियसभाका (एक निलम्बन रिक्त) बाहेकको मतभार २६ हजार ३ सय ७ रहेको छ भने प्रदेश सभाका ५ सय ५० जनाको मतभार २६ हजार ४ सय रहेको छ । संघीय संसद र प्रदेशसभाका ८ सय ८३ जनाको मतभार ५२ हजार ७ सय ७ हुन्छ । राष्ट्रियसभाका सदस्य खिमलाल देवकोटाले राजीनामा दिएकाले उनको ठाउँमा उपनिर्वाचन हुँदैछ । ०७४ मा एमाले र माओवादीको साझा उम्मेदवार विद्यादेवी भण्डारी ३९ हजार २ सय ७५ मत ल्याएर विजयी भएकी थिइन् । उनकी निकटतम प्रतिस्पर्धी कांग्रेसकी कुमारी लक्ष्मी राईले ११ हजार ७ सय ३० मत ल्याएकी थिइन् ।

प्रतिनिधिसभा, राष्ट्रिय सभा र सातै प्रदेशसभाका सदस्य संख्याका आधारमा सबभन्दा बढी मतभार कांग्रेसको छ । कांग्रेसका प्रतिनिधि सभामा ८९, राष्ट्रिय सभामा १० र प्रदेश सभामा १७५ सांसद छन् । सबैको मतभार १६ हजार २ सय २१ हुन्छ । दोस्रोमा एमालेका प्रतिनिधिसभामा ७९ (एक स्वतन्त्रसहित), राष्ट्रिय सभामा १६ र प्रदेश सभामा १६१ सांसद छन् । उनीहरू सबैको मतभार जोड्दा १५ हजार २ सय ३३ हुन्छ ।

राष्ट्रपति निर्वाचनमा दलहरूबीच तीनवटा समीकरण बन्न सक्छ । सत्ता गठबन्धन एमाले, माओवादी, रास्वपा, जसपा, जनमत नागरिक उन्मुक्ति, प्रतिनिधिसभाका ३ स्वतन्त्रसहित भएर राष्ट्रपति चयन गर्ने । सत्ता गठबन्धनका सबै सांसदको मतभार ३१ हजार ६ सय हुन्छ । यो अवस्थामा कांग्रेस लगायत नेकपा एस, लोसपा, नेमकिपा, राजमो लगायतका दलको मतभार २१ हजार १ सय ४ मात्रै हुन्छ । कांग्रेस, माओवादी, जसपा, नेकपा एस, लोसपा, जनमोर्चा, संघीय समाजवादी, नेमकिपा, राष्ट्रिय सभाका मनोनित दुईजना सदस्यबीच समीकरण बनेमा मतभार ३१ हजार २ सय २७ हुन्छ । कांग्रेस, एमाले र केही स्वतन्त्र सांसदको मात्रै समीकरण बने त्यसको मतभार ३१ हजार ७ सय ७६ हुन्छ । यस्तो अवस्थामा माओवादीले जसलाई समर्थन गर्छ उही नै राष्ट्रपतिमा निर्वाचित हुन्छ । माओवादीको प्रतिनिधिसभामा ३२, राष्ट्रिय सभामा १५ र प्रदेश सभामा ८४ (नेपाल समाजवादीका १ सहित) सांसद छन् । माओवादीको तीनै सभाका सदस्यको कुल मतभार ७ हजार ७ सय ४५ छ ।

राष्ट्रिय सहमतिको कुरा गरेका प्रधानमन्त्री प्रचण्डले कांग्रेसलाई राष्ट्रपतिमा सघाएमा कांग्रेसका उम्मेदवार नै राष्ट्रपति बन्ने लगभग निश्चित छ । प्रचण्डलाई राम्रो थाहा छ, राष्ट्रपति गुमे पनि मन्त्रालयहरू, सभामुख र प्रदेश प्रमुखहरू गुमाउन एमाले तयार हुने छैन र विश्वासको मत फिर्ता लिने छैन । यदि विश्वासको मत एमालेले फिर्ता लिएमा यो उसका लागि आत्मघाती निर्णय हुनेछ भन्ने प्रचण्डको बुझाइ देखिन्छ ।

## भ्रष्ट...

काम अधुरै छ। आयोजना अलपत्र पारेकामा कारबाही हुनुपर्नेमा अब उनी नीति-निर्माण गर्ने मन्त्रिपरिषद्मै छन्।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत सडक विभागको २७ अर्ब ८७ करोड ६१ लाख २३ हजार रुपैयाँको ठेक्का कालिकाले संयुक्त रूपमा लिएको छ। त्यसबाहेक ऊर्जा मन्त्रालयअन्तर्गत तनहुँ जलविद्युत् आयोजनामा २१ अर्ब ६६ करोड र सर्वोच्च अदालतको भवन निर्माणमा ५ अर्ब ८७ करोडको ठेक्कामा संयुक्त रूपमा कालिका संलग्न छ। संयुक्त (जोइन्ट भेन्चर) रूपमा ठेक्का लिइएको भए पनि अधिकांशमा काम कालिकाले एकल रूपमा गरिरहेको छ। पाण्डे आफैं मन्त्री बनेको सहरी विकास मन्त्रालयका मात्रै करिब तीन अर्ब रुपैयाँभन्दा बढीका ठेक्कामा कालिका कन्स्ट्रक्सन संलग्न छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयपछि सबैभन्दा बढी ठेक्कापट्टा हुने मन्त्रालयमा सहरी विकास पर्छ।

मन्त्रालयअन्तर्गत वाग्मती सुधार आयोजनामा वाग्मती सौन्दर्यीकरणको ठेक्कामा कालिका संलग्न छ। गोकर्ण ब्यारेजदेखि सिनामंगल भत्केको पुलसम्म सौन्दर्यीकरण गर्ने ठेक्का कालिका-रेनकिन-लामा जेभीले १ अर्ब ९० करोड रुपैयाँमा लिएको हो। यसका लागि सरकारले एसियाली विकास बैंक (एडीबी) बाट ऋण सहयोग लिएको छ। ०७३ कात्तिकमा भएको सम्झौताअनुसार यसको काम आगामी फागुन १६ भित्र सकिनुपर्नेछ। तर अहिलेसम्म १.९ किमि सडक कालोपत्र नै भएको छैन भने बिरुवा रोप्ने काम अझै सुरु भएको छैन।

सडक विभागअन्तर्गत गल्छी-बेत्रावती- मैलुङ-स्याफ्रुबेंसी सडक खण्डअन्तर्गत ११ वटा पुल निर्माणको ठेक्का कालिका-टुन्दी-हिमदुङ एन्ड थोकर जेभीले लिएको छ। यसको ठेक्का रकम ५७ करोड ९५ लाख रुपैयाँमध्ये ४४ करोड ९३ लाख रुपैयाँ भुक्तानी भइसकेको छ। ०७३ कात्तिक २४ मा भएको ठेक्का सम्झौताअनुसार ०७८ असार ८ भित्र काम सकिनुपर्ने हो। तर आयोजना अपूरो छ।

## श्रममन्त्री...

प्रालिका तत्कालीन सञ्चालकहरू देवेन्द्र कार्की, विश्व कार्की र श्रृष्टि इम्प्लोइमेन्ट ओभरसिज प्रालिका तत्कालीन सञ्चालकहरू ध्रुवबहादुर अधिकारी, सह-सञ्चालक दीपसुन्दर ढकाल, सञ्चालक दुर्गाबहादुर कुँवर र सो म्यानपावरका तत्कालीन स्टाफ राजेश गौतमविरुद्ध पनि विभागमा ठगीको उजुरी परेको थियो ।

नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्याल अन्तर्राष्ट्रिय बजार निर्देशक रहेको श्रृष्टि ओभरसिज इम्प्लोइमेन्ट सर्भिस प्रालिले ठगी गरेको भन्दै क्षतिपूर्तिको लागि वैदेशिक रोजगार विभागमा उजुरी परेको पाइएको छ ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार मनालाल महतासहित ७ जनाले मलेसियामा रोजगारीमा जाँदा ठगिएको भन्दै श्रृष्टि ओभरसिज इम्प्लोइमेन्ट सर्भिसविरुद्ध क्षतिपूर्तिका लागि उजुरी गरेका थिए । विभागबाट समयमै सुनुवाइ नभएपछि उनीहरू काठमाडौं धाउन छाडेका थिए । विभागका एक अधिकारीका अनुसार ३० कात्तिक २०७१ मा दर्ता भएको श्रृष्टि ओभरसिज इम्प्लोइमेन्ट सर्भिसविरुद्धको उजुरी अहिले पनि तामेलीमा छ ।

## लक्ष्यअनुसार...

आन्तरिक राजस्व समेत कम उठ्दा सरकार दबाबमा छ । आन्तरिक राजस्व विभागका अनुसार चालु आवको पुस मसान्तसम्म सरकारले २ खर्ब ८१ अर्ब ३५ करोड रुपैयाँ आन्तरिक राजस्व उठाउने लक्ष्य राखेको थियो । संकलन भने २ खर्ब २१ अर्ब ७५ करोड रुपैयाँ मात्र भएको छ । यो कुल लक्ष्यको ७८.८२ प्रतिशत हो । आन्तरिक राजस्व भित्र शिक्षा सेवा कर र स्वास्थ्य सेवा करले मात्र लक्ष्य भेटाएको छ । आयकर, घर बहाल कर, ब्याजकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्कले भने लक्ष्य भेटाउन सकेनन् । जसका कारण समग्र आय नै प्रभावित बन्न पुगेको छ ।

आन्तरिक राजस्व विभागका अनुसार पुस महिनामा मात्र ७१ अर्ब १३ करोड रुपैयाँ आन्तरिक राजस्व उठेको छ । यो पुस महिनामा लिइएको लक्ष्यको तुलनामा मात्र ६६.४९ प्रतिशत मात्र प्राप्ति हो । यस महिनामा आयकरबाट मात्र ७८ अर्ब रुपैयाँ संकलनको लक्ष्य राखिएकोमा प्राप्ति ५१ अर्ब रुपैयाँ मात्र भएको छ । यो लक्ष्यको ६५.४१ प्रतिशत मात्र हो । पुसमा ब्याज करले भने लक्ष्य भेटाएको छ । यस महिनामा १ अर्ब ७४ करोडको ब्याज कर उठाउने लक्ष्य लिइएकोमा १ अर्ब ७५ करोड रुपैयाँ संकलन भएको छ । पुसमा मूल्य अभिवृद्धि कर ७६.९० प्रतिशत मात्र उठेको छ । अन्तःशुल्क अझै कम उठेको छ । अन्तःशुल्क ५९.८० प्रतिशत मात्र उठेको छ । पुसमा सरकारले १३ अर्ब अन्तःशूल्क उठाउने भनेकोमा प्राप्ति ८ अर्ब ९ करोड रुपैयाँ मात्र भएको छ ।

## मानव...

हो । जब यसलाई एयर कन्डिसिनिङ एवम् रेफ्रिजेरेटरका लागि उपयोग गरिन्छ तब यसका करण हावामा मिसिएर हाम्रो वायुमण्डलको समताप मण्डलसम्म पुग्छ र अन्य ग्याससँग मिसिएर ओजोन तहलाई क्षति पुऱ्याउने गर्छ । यही ओजोन तह जसले जमिनमा जीवजन्तुहरू एवम् वनस्पतिहरूलाई सूर्यको नोक्सानबाट पुऱ्याउने परावैजनी किरणहरूबाट बचाउँछ । यही कारणले होला क्लोरोफ्लोरो कार्बन मानव एवम् अन्य जैविक जगत्का लागि धेरै घातक मानिन्छ । सिसा, डिजेल, पेट्रोल, ब्याट्री पेन्ट एवम् हेयर डाइमा पाइन्छ । सिसाले खासगरी बालबालिकाहरूलाई प्रभावित गर्छ । यसबाट मस्तिष्क एवम् पाचनक्रिया खराब हुने गर्दछ । यसको दुष्प्रभावले क्यान्सर पनि हुन सक्छ ।

ओजोन तह वायुमण्डलमा समताप मण्डलको सबैभन्दा माथिल्लो तह मानिन्छ । यो एउटा विशेष एवम् महत्वपूर्ण ग्यास मानिन्छ। यसको काम सूर्यलाई हानि पुऱ्याउने परावैजनी किरणहरूलाई भूमिको सतहमा पुग्नबाट रोक्नु मानिन्छ । फेरि पनि जमिनी सतह धेरै दूषित छ एवम् जहरिलो पानी कलकारखानाहरूबाट ओजोन ठूलो मात्रामा निस्कन्छ । यसले गर्दा आँखामा पानी आउँछ, पोल्छ पनि ।

**नाइट्रोजन अक्साइड**

यसका कारणले धमिलो एवम् अम्लीय वर्षा हुने गर्दछ । यो ग्यास पेट्रोल, डिजेल एवम् कोइला बाल्दा निस्कन्छ । यसबाट बालबालिकाहरूलाई धेरैखाले रोगव्याधि हुन्छन् जुन जाडो मौसममा देखिन्छ ।

**निलम्बित अभिकणीय पदार्थ**

यो हावामा ठोस धुवाँधुलोको कणका रूपमा हुन्छ जुन एउटा खास समयसम्म रहिरहन्छ । जसका कारण फोक्सोलाई नोक्सानी पुऱ्याउँछ एवम् सास फेर्न गाह्रो हुन्छ ।

**सल्फरडाइअक्साइड**

जब कोइलालाई थर्मलप्लान्टमा जलाइन्छ त्यसबाट जुन ग्यास निस्किन्छ त्यही हो सल्फरडाइ अक्साइड । धातुलाई गलाउन एवम् कागजलाई तयार गर्दा निस्कने ग्यासहरूमा पनि सल्फर अक्साइड हुन्छ । यो ग्यास तुवाँलो उत्पन्न गराउन एवम् अम्लीय वर्ष गराउन अति सहयोगी मानिन्छ । सल्फरडाइअक्साइडका कारण फोक्सोजन्य रोग व्याधि लाग्ने खतरा बढेर जान्छ ।

**वायु प्रदूषणबाट कसरी बच्ने ?**

सरकारले यस्तो नीति बनाओस् जसले कर्मचारी घरमै बसी काम गरुन्, एक सप्ताहमा एक दिनमा कार्यालय आउन् । अहिले सूचना प्रविधि आउनाले यो सम्भव पनि छ । धेरैधेरै साइकल प्रयोग गरौँ । सार्वजनिक परिबहन सेवा उपयोग गरौँ । बालबालिकालाई निजी कारमा राखी स्कुल पुऱ्याउनुको साटो स्कुल पारबहन सेवामा जान प्रोत्साहित गरौँ । आफ्नो घर/परिवारबीच कारपुल बनाउने अनि बाहिर कामले निस्कन पूरै एउटै सवारी साधन प्रयोग गर्ने । यसबाट इन्धनको खपत कम हुनेछ एवम् प्रदूषण पनि कम हुनेछ । आफ्नो घर वरिपरिका बोटबिरुवाको हेरचाह राम्रेसित गर्ने । आवश्यक नपरेका बेला बिजुली बत्ती नबाल्ने, कुलर, पंखा, एयर कन्डिसनरहरू आवश्यक परेमात्र चलाउने अन्यथा बन्द राख्ने । घरको आँगन करेसाबारीमा भएका झारपात सुकेका छन् भने नबाल्नुहोस् बरु कम्पोस्ट मल बनाउनु बेस । आफ्नो सवारी साधनको प्रदूषण परीक्षण प्रत्येक तीन महिनामा गर्ने । केबल सिसामुक्त पेट्रोलमात्र प्रयोग गर्ने । बाहिरको दाँजोमा घरभित्र प्रदूषण कम हुने गर्दछ त्यसैले जब प्रदूषण बढी हुने बेला घरमा नै बस्नूस् ।

यस्तो भयो भने लकडाउन घोषणा गर्नु नै पर्ने भन्ने छैन । किनकि हिजो बचेका थियौँ र पो आज छौँ । आज बचे न भोलि रहौँला नत्र भोलि कसले पो देखेको छ र बाँचौँला । त्यसैले पर्यावरणमा प्रदूषण हुने सबैखाले प्रदूषण न्यूनीकरण एवम् नियन्त्रण कार्यमा हामी आफैँ पनि सक्रिय सहभागी होऔँ, अरूलाई पनि अभिप्रेरित गरौँ । सरकारी निकायको काम त त्यही एउटा विज्ञापन निकाल्नु अनि सचेतनाका लागि वर्षदिनमा वातावरण दिवस मनाउन प्रभातफेरी निकाल्नुसम्म त हो ।

## अर्थतन्त्रको...

चल्न नसक्ने पनि अर्थविद्हरूको भनाइ थियो। नेपालको अर्थतन्त्र दुर्घटनाको मुखमा पुगेर जोगिएको पूर्वअर्थमन्त्री युवराज खतिवडाले बताएका छन्। नेपालको अर्थतन्त्रको जहाज सुरक्षित अवतरण गर्न खोज्दाखोज्दै रनवे बाहिर गएको अवस्था भएको र त्यसलाई क्रेनले तानेर रनवेमा ल्याउनुपर्ने अबको चुनौती रहेको उनले बताए। रनवेबाट बाहिर गएको अर्थतन्त्रको जहाजलाई राष्ट्र बैंकले एउटा कुनाबाट तानेर सही ठाउँमा ल्याउन प्रयत्न गरिरहे पनि त्यो पर्याप्त नभएको उनको भनाइ थियो।

पछिल्ला महिनाहरूमा बाह्य सूचकहरू सकारात्मक देखिए पनि त्यसमा सन्तोष मानेर बस्नुपर्ने अवस्था नरहेको उनले बताए। अर्थतन्त्रको सुधारका लागि उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनुपर्ने र लगानी बढ्न ब्याजदर घट्नुपर्ने उनको भनाइ थियो।

पछिल्लो समय कालोसूचीमा पर्नेको संख्या बढिरहेको खतिवडाले बताए। चालु पुँजी कर्जा लिएर उद्योगी व्यवसायीले स्थिर पुँजीमा लगानी गरेकाले अहिले समस्या आएको उनको दाबी थियो। चालु पुँजी कर्जासम्बन्धी नीतिको कारणले वास्तवमै समस्यामा परेका ऋणीको कर्जा पुनर्तालिकीकरण गर्नुपर्ने उनको सुझाव छ।

समस्यामा रहेको अर्थतन्त्रमा आफूले त्यसको कारण खोजिरहेको उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले बताएका छन्। भूकम्पले ढाल्न नसकेको, कोभिडले समस्यामा पार्न नसकेको अर्थतन्त्रमा अहिले किन समस्या आयो भनेर गम्भीर रूपमा खोजी गर्ने काम गरिरहेको पौडेलले बताएका छन् ।

सबै अवस्था सामान्य हुँदा अर्थतन्त्र समस्यामा परिरहेकाले यसको समाधान आफ्नो पहिलो प्राथमिकता रहेको उनको भनाइ छ। अर्थतन्त्रको विद्यमान समस्या पहिचान गरेर समाधानको बाटो पहिल्याउन आफू प्रयत्नरत रहेको उनले बताएका छन् । अनुत्पादक क्षेत्रको खर्च कम गर्ने, साधारण खर्च घटाउने र आर्थिक अनुशासन कायम गर्नेतर्फ आफू लागेको उनको दाबी थियो। सरकार निजी क्षेत्रको कुरा सुनेर अघि बढ्ने उनले बताए। निजी क्षेत्रलाई आरोपप्रत्यारोप गर्नुभन्दा पनि यस क्षेत्रको सबै समस्या समाधान गर्ने गरी सरकार लाग्ने उनको भनाइ थियो। यस्तै उत्पादन वृद्धि, लगानीमैत्री वातावरण एवं व्यावसायिक गतिविधिलाई बढाएर अर्थतन्त्रलाई अगाडि बढाउनुको विकल्प नभएको नेपाल चम्बेर्स अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले बताएका छन्।

## यो वर्ष...

साझेदारमध्ये एक हो । आधुनिक पूर्वाधार विकाससँगै सन् १९५१ देखि नेपाल-भारत सहायता सुरु भएको पाइन्छ । भारतले लिने व्यापार तथा राजस्व नीति र करका दरमा हुने फेरबदलले नेपालको उत्पादनदेखि बजार प्रभावित हुन्छ । भारतले लिने राजस्वलगायत नीतिले नेपालको अर्थतन्त्रसमेत प्रभावित हुन्छ । नेपालको कुल वैदेशिक व्यापारको ६० प्रतिशतभन्दा बढी हिस्सा भारतसँग छ । नेपालले सबैभन्दा बढी आयात भारतबाटै गर्छ । यसर्थ, उसले आयात-निर्यातमा लिने नयाँ नीति, भन्सार दरको फेरबदल र घोषणाले हाम्रो व्यापार प्रत्यक्ष प्रभावित हुन्छ । भारतले व्यक्तिगततर्फको आयकरको सीमा बढाउने तयारी गरेको त्यहाँका मिडियाले लेखेका छन् । यसो हुँदा भारतीयको खर्च गर्ने क्षमता बढ्ने भएकाले नेपालको पर्यटन क्षेत्रमा त्यसको सकारात्मक प्रभाव पर्न सक्छ । चुनावी बजेट भएकाले भारत सरकारले किसान र कृषि उत्पादनलाई प्रवर्द्धन गर्ने योजना ल्याउन सक्छ । यसो हुँदा त्यहाँका उत्पादनको लागत घट्ने तथा प्रतिस्पर्धी क्षमता अझ बढ्ने भएकाले नेपालको निर्यातमा नकारात्मक प्रभावसमेत पर्न सक्छ ।

नेपालमा भारतीय सहायता मिसनको स्थापना सन् १९५४ मा कनेक्टिभिटी, स्वास्थ्य, शिक्षा, विद्युत्, सरकारी विभागजस्ता क्षेत्रमा नेपालमा विकासका लागि भारत सरकारका विभिन्न परियोजना र प्रयासका लागि भएको थियो । त्यसपछि क्रमशः भारतले शिक्षा, स्वास्थ्य, सिँचाइ, उद्योग विकासमा सहयोग गर्दै आइरहको छ । यस्तो सहयोगको सात दशक नाघेको छ । भारतले साना विकास सहयोग परियोजनाअन्तर्गत स्वास्थ्य, शिक्षा, सिँचाइ, खानेपानीलगायत विभिन्न क्षेत्रमा सीधा सहयोग गर्दै आएको छ । पछिल्लो समय यस सहायतालाई पनि बजेटरी माध्यममै राखिएको छ । तर, परियोजना छनोटदेखि कार्यान्वयनसम्ममा काठमाडौंस्थित भारतीय राजदूतावास हावी हुन्छ ।

भारतले युनियन बजेटमार्फत प्रत्येक वर्ष अन्य मुलुकलाई झैँ नेपाललाई पनि (सहायता) उपलब्ध गराउँदै आइरहेको छ । वित्त मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष सन् २०२२-२३ मा भारतले बजेटमार्फत नेपाललाई अनुदानस्वरूप कुल ७ अर्ब ५० करोड भारु विनियोजन गरेको थियो, जुन अघिल्लो आवको तुलनामा १०० करोड भारुले बढी हो । त्यसअघि आव २०२१-२२ मा ९ अर्ब ९२ करोड भारु दिने उल्लेख थियो । तर, पछि त्यसलाई संशोधन गर्दै सो आवमा नेपाललाई जम्मा ६ अर्ब ५० करोड भारु विनियोजन गऱ्यो । यसबाट आव २०२२/२३ मा भारतले नेपाललाई छुट्याउने अनुदान अघिल्लो आवको भन्दा एक अर्बले बढाएको देखिन्छ । सन् २०२०-२१ मा पनि भारतले यस्तो अनुदानलाई जारी राख्दै झन्डै ८ अर्ब ८० करोड भारु विनियोजन गऱ्यो । यदि यही दरमा अनुदान बढाएको अवस्थामा नेपालाई भारतले आगामी आर्थिक वर्षमा ८ अर्ब ५० करोड हाराहारी अनुदान घोषणा गर्ने सम्भावना देखिन्छ ।

यस्तै, भारत सरकारले आव २०१९-२० मा नेपालका लागि १० अर्ब ५० करोड भारु अनुदान दिने वित्तमन्त्री सीतारमणले प्रस्तुत गरेको बजेटमा उल्लेख थियो । आव २०१८-१९ मा सात अर्ब ५० करोड र सन् २०१७ मा तीन अर्ब ७६ करोड ६१ लाख भारु सहयोग गरेको थियो । यो रकम भारतको विदेश मन्त्रालयअन्तर्गत केन्द्रीय तहका परियोजनाअन्तर्गत विदेशी मुलुकलाई दिने अनुदान शीर्षकमा विनियोजन भएको हो ।

भारतले सबैभन्दा बढी अनुदान भुटानलाई उपलब्ध गराउँदै आइरहेको छ । आव २०२२-२३ मा भुटानलाई अनुदानस्वरूप भारतले २२६६.२४ करोड भारु छुट्याएको थियो । त्यसैगरी, आव २०२१-२२ मा १७५५.२३ करोड भारु र २०२०-२१ मा ३००४.९५ करोड भारु विनियोजन गरेको थियो । भुटानपछि दोस्रोमा अफगानिस्तान रहेको छ । अफगानिस्तानका लागि चालू आवमा भारतले २०० करोड भारु छुट्याएको थियो । *एजेन्सीको सहयोगमा*

## उखुको...

२० रुपैयाँ तिर्नुपर्ने छ भने किसानले प्रतिक्विन्टल ६ सय १० रुपैयाँ पाउनेछन्। यो मूल्य ०७८/७९ भन्दा प्रतिक्विन्टल २० रुपैयाँ बढी हो। सरकारले गत वर्षभन्दा प्रतिक्विन्टल २० रुपैयाँ मात्रै मूल्य बढाएपछि किसानहरू असन्तुष्ट बनेका छन्। बढ्दो महँगीले अहिलेको मूल्य अपुग हुने उनीहरूको भनाइ छ।

उखुको मूल्यको हकमा कृषि मन्त्रालयले सिफारिस गर्छ। कृषिले उत्पादन लागत, ढुवानी, बजारमूल्य, मुनाफालगायत जोडेर प्रतिक्विन्टल मूल्य सिफारिस गरिन्छ। उक्त मूल्य उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहमतिपछि मन्त्रिपरिषद्मा पेस हुन्छ। मन्त्रिपरिषद्ले निर्णय गरेपछि कार्यान्वयनमा जान्छ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलका अनुसार ऊखुको उत्पादन लागत, ढुवानी भाडा र मुनाफासमेत गरी कृषकले उत्पादन गरेको ऊखुको न्यूनतम खरिद मूल्य प्रतिक्विन्टल पाँच सय ४० रूपैयाँ निर्धारण गरिएको हो। ऊखु किसानलाई सरकारले दिने अनुदान भने यथावत् राखिएको छ ।

'ऊखु किसानलाई अनुदान दिनेसम्बन्धी कार्यविधि, २०७५ को दफा ३ को उपदफा ३ अनुसार चालु आर्थिक वर्षका लागि सरकारले ऊखु किसानलाई दिने अनुदान भने यथावत् राखिएको छ । यस वर्ष पनि ऊखु किसानले प्रतिक्विन्टल ७० रूपैयाँ अनुदानका रूपमा पाउने छन्,' कृषि मन्त्रालयले विज्ञप्तिमा भनेको छ ।

## बन्ने...

विद्युतीय मोटरसाइकल तयार पारेको थियो । अहिले यात्रीको बजार विस्तार हुँदैछ । यस्तैमा बहान नामक नयाँ नेपाली बाइक उत्पादन कम्पनी पनि थपिएको छ । तर यी कम्पनीहरू दर्ता प्रक्रियामा जान सकेका छैनन् ।

नेपाली कम्पनीको मोटरसाइकल खरिदकर्ताले नम्बर प्लेट बिनानै बाइक चलाउन बाध्य छन् । यसले गर्दा उनीहरूलाई विभिन्न समय ट्राफिक प्रहरीहरूबाट सास्ती पाउनुपरेको गुनासो छ । यस्ता गुनासा पर्न थालेपछि सरकारले नयाँ कार्यविधि ल्याउन लागेको हो ।

'कार्यविधिको ड्राफ्ट अन्तिम चरणमा छ । दुई साताभित्र सार्वजनिक गर्ने तयारीमा छौं,' विभागका प्राविधिक निर्देशक रामचन्द्र ढकालले सेतोपाटीसँग भने, 'नयाँ कार्यविधिमा नेपालमा बनेका सवारी साधन दर्ता प्रक्रियासँगै देशभित्र सवारी साधन किनबेच गर्ने लगायत पार्टपुर्जासम्बन्धी सम्पूर्ण व्यवस्था समावेश गरेका छौं ।'

हाल ऐनमा आयातित साधनको दर्ता लगायत विषयमा मात्र स्पष्ट लेखिएको छ । ती सवारी साधनहरूको आयात, दर्ता, बिक्री लगायत प्रक्रियाबारे यातायात तथा सवारी ऐन-२०४९ मा उल्लेख छन् । यसमा नेपालमा बनेका सवारी साधनसम्बन्धी कुनै व्यवस्था प्रष्ट छैन ।

सवारी दर्ता गर्न ऐनले सवारी आयातको प्रज्ञापनपत्र (एलसी) अनिवार्य गरेको छ । सोही व्यवस्थालाई अनिवार्य गरेको हुनाले नेपालमा उत्पादित सवारी दर्ताको लागि समस्या सिर्जना भएको विभागका प्राविधिक निर्देशक ढकाल बताउँछन् । नयाँ कार्यविधिले भने यी विषयलाई समेट्नेछन् ।

## अझै...

अन्यत्रझैं सहज वातावरण भए पनि चीनले तातोपानीबाट निर्यात र सर्वसाधारणका लागि नखुलाउँदा व्यवसायी चिन्तित छन् ।

काठमाडौंबाट चीनको मुख्य व्यापारिक क्षेत्र खासा १ सय २४ किमि र रसुवागढी नाकाबाट १ सय ६४ किमि दूरीमा पर्छ। केरुङभन्दा तातोपानी नाकाबाट सिगात्से ३० किमि कम दूरी पर्छ। चीनको जुनसुकै बजारका या कम्पनीबाट झिकाएका सामग्री भए पनि खासाबाट तातोपानी आइपुग्न कम्तीमा १२ देखि बढीमा १५ दिन लाग्छ। उत्तरी नाकाबाट आयात गर्दा ढुवानी भाडा कम पर्ने र सामान छोटो समयमा भित्रने भएकाले व्यवसायी सकभर दक्षिण जान चाहँदैनन्। तर भूकम्प, बाढीपहिरो र कोभिडको अनेक बहानामा चीनले स्थल नाका हुँदै आएको सामग्री आयातनिर्यात व्यापारलाई पूरै निरुत्साहित गरेको आम व्यापारीको गुनासो छ ।

तातोपानीमा आयात बढ्ला र लगानी उठाउँला भनेर बसेका क्यारिङ व्यापारी निराश भएसँगै कामदार र गाडी चालक पेसा छाडेर धमाधम घर फर्किन थालेका छन्। ताल फुट्ने जोखिम र कोभिडका अनेक कारण देखाएर सरकारको गैरजिम्मेवारीपनकै कारण चीन पक्षले एकतर्फी आयात मात्रै खुलाएको व्यवसायीको तर्क छ।

चिनियाँ इलाका बजार क्षेत्रमा तीन वर्षदेखि जारी ल्हासा लकडाउन हटाइएपछि अहिले ल्हासा प्रशासनले ल्हासा मालवाहक रुट सुरक्षा प्रोटोकल अनिवार्य गरेको छैन। त्यतिबेला कोभिडको पहिलो लहरमा बन्द नाका चीनको खासा र न्यालम क्षेत्रमा थन्किएका डेढ सय कन्टेनरका रेडिमेड र अन्य सामग्री राजधानी पुऱ्याउने लक्ष्य राखेर 'आइसोलेट एरिया' सहित खुलाइएको थियो।

चीनले मालवाहक सवारी रुटमा सुरक्षा प्रोटोकल अनिवार्य नगरेर आउजाउ खुकुलो बनाएसँगै निर्यात खुलाउने सम्भावना रहे पनि देखिने प्रगति नरहेको नेपालका लागि चीनको ल्हासास्थित महावाणिज्यदूतले जनाएका छन्। ल्हासा प्रशासनसहित उच्च चिनियाँ अधिकारीसँग बसेर नाकालाई पुरानै अवस्थामा फर्काउन बैठक र छलफलका लागि प्रयास भइरहेको प्रमुख जिल्ला अधिकारी वेदनिधि खनालले बताए। बाहिर नाका खुल्नेबारे हल्ला व्यापक चले पनि औपचारिक रूपमा माथिल्लो तहबाट सकारात्मक रहेको भन्नेबाहेक केही नआएको उनको भनाइ छ।

केरुङमा आयातनिर्यात खुलेपछि तातोपानीमा त्यही हुने अनुमानमा झोलेपोकेदेखि ठूला व्यापारी, कन्टेनरदेखि होटल व्यवसायीसम्म आसमा छन्। नाका खुल्ने र व्यापार हुने उत्साहमा लिपिङ पुल छेउका होटल, पसल थापेर बसिरहेका व्यवसायी नाकामा कुनै चहलपहल नभएपछि निराश बनेका छन्।